"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ८ अंक २० , जेठ-असार, २०७७ www.ncbl.coop May 14-July 15

## राष्ट्रिय सहकारी बैंकका २४ शाखा थपिंदै

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडका २४ वटा शाखा थप हुने भएका छन् । हाल ४४ शाखामार्फत देशभरका सहकारी संघ संस्थाहरुसंग वित्तीय लगायत सहकारीको प्रवर्द्धनका क्षेत्रमा काम गर्दै आएको बैंकका २४ शाखा थप हुने भएका हुन् ।

राष्ट्रिय सहकारी बैंकको माग, सहकारी विभागको सिफारिसका आधारमा नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखाका थपका लागि १५ असारमा अनुमति दिएको बैंकका अध्यक्ष के.बी. उप्रेतीले जानकारी दिनुभएको छ । बैंकको शाखा सञ्चालन कार्यविधिको अधिनमा रहने गरी थप २४ वटा शाखा खोल्नका लागि नेपाल राष्ट्र बैंकले अनुमति दिएको अध्यक्ष उप्रेतीले बताउनुभयो । नेपाल राष्ट्र बैंकमा ८४ स्थानमा शाखा सञ्चालनका लागि माग गरिएको र पहिलो चरणमा बैंक सञ्चालनका लागि प्रक्रिया पुगेका २४ स्थानमा शाखा खोल्नका लागि अनुमति प्राप्त भएको बैंकले जनाएको छ । अनुमति दिएका शाखा सञ्चालनसंगै थप शाखाका लागि प्रक्रिया अगाडि बढाइने अध्यक्ष उप्रेतीले बताउनुभयो । बाँकि पेज नं. ५ मा......




## राष्ट्रिय सहकारी बैंकको कार्यकारी प्रमुखमा गुरागाईको निरन्तरता



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा सि.ए. बद्रीकुमार गुरागाई पुनः नियुक्ती हुनुभएको छ । बैंक सञ्चालक समितिको २०७७ जेठ २८ गते सम्पन्न बैठकले गुरागाईलाई आगामी ४ वर्षका लागि बैंकको प्रमुख कार्यकारी अधिकृतमा निरन्तरता दिने निर्णय गरेको हो । २०७५ साल पुस ३ गतेदेखि बैंकको प्रमुख कार्यकारी अधिकृतका रुपमा कार्यरत गुरागाईको समयावधी सकिन ६ महिना पहिला नै बैंक सञ्चालक समितिले पुनः ४ वर्षका लागि समय थप गर्ने निर्णय गरेको बैंकका अध्यक्ष के.बी.उप्रेतीले जानकारी दिनुभयो । बाँकि पेज नं. २३ मा......

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरू**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बिबेक खड्का

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

## सम्पादकीय

### सहकारीमा विद्युतीय भुक्तानीको लागि पहल

सहकारी संस्थाहरुले विद्युतीय भुक्तानीका बारम्बार सम्बन्धित निकायहरुसंग पहल गर्दै आएका छन् । तर यस सम्बन्धमा आवश्यक कानुनी तथा प्राविधिक सुरक्षाका प्रक्रिया पुरा गरी अगाडी बढ्न सकिरहेका अवस्था छैन् । विभिन्न सहकारीका प्रकृतीहरु मध्ये वचत तथा ऋणको कारोबार गर्ने सहकारीहरुले विभिन्न सेवा प्रदायकसंगको सहकार्यमा मोवाइल बैंकिङ्ग लगायतका सेवा तथा कतिपय सहकारीहरुले एटिएम सेवा समेत प्रदान गर्दै आइरहेका छन् । यसरी सहकारी संस्थाहरुले विद्युतीय भुक्तानीका सेवाहरु संचालनका लागि बैंक तथा भुक्तानी सेवा प्रदायक संस्थाहको प्राविधिक सहयोग लिएर पनि सेवा प्रदान गर्न नेपाल राष्ट्र बैंकले अनुमति प्राप्त गर्न सकेका छैनन् ।

प्रविधिको प्रयोगलाई व्यवस्थित गरी सहकारी संघ/संस्थाहरुको वित्तीय सेवालाई प्रभावकारी गराउनका लागि सहकारीलाई राष्ट्रिय भुक्तानी प्रणालीमा प्रवेश गराउन आवश्यक छ । यस सम्बन्धमा नेपाल राष्ट्र बैंक र सहकारी विभागबीच समन्वय गरी सहकारी क्षेत्रमा गरिने कारोबारलाई विद्युतीय भुक्तानीको व्यवस्था गर्नु पर्छ ।

सहकारी क्षेत्र भनेको राज्यको पूँजि परिचालनको अत्यन्तै महत्वपूर्ण क्षेत्रका रुपमा स्थापित भएको छ । सहकारीमार्फत जनतासंग भएको पूँजिको अधिकतम परिचालन भई थप पूँजि निर्माण गर्ने काम भैरहेको छ ।






# "सहकारी क्षेत्रको विकास र प्रवर्द्धनमा सहकारी बैंक लागिरहन्छ"

केवी उप्रेती, अध्यक्ष,
राष्ट्रिय सहकारी बैंक लि.



- **राष्ट्रिय सहकारी बैंकले १६ वर्ष पुरा गरी १७ औं बर्षमा प्रवेश गरेकोमा यहाँहरुलाई शुभकामना र आगामी दिनमा बैंकको उद्देश्य के रहेको छ ?**

धन्यवाद ! २०५७ सालमा तत्कालिन सहकारी ऐनं २०४८ को प्रथम संशोधनबाट सहकारी क्षेत्रको आफ्नो छुट्टै बैंक स्थापना गर्न पाइने व्यवस्था गरियो । यसै अनुरुप सरकारले आ.व. २०५७/५८ को वजेटमा सहकारी बैंकको स्थापनार्थ रु १ करोड विनियोजन गरी वि. स. २०६० साल आषाढ २५ गतेका दिन यस बैंकको विधिवत स्थापना भई २०६१ श्रावण १९ गतेबाट बैंकले आफ्नो कारोवार आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुका बिचमा मात्र गर्दै आईरहेको छ। आ.व २०६६ /६७ मा नेपाल सरकारले रु. १ करोड लगानी गरेको र नेपाल राष्ट्र बैंकले यस बैंकलाई सिमित बैंकिंग कारोवार गर्न २०६७ श्रावण १० गते ईजाजतप्रदान गरेको छ । बैंकले स्थापनाको समय देखि नै नेपाल सरकार तथा राष्ट्र बैंकको नीतिनिर्देशन र ऐनको अधीनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ/संस्थाहरुसंग आवश्यक समन्वयकायम गरी सहकारी अभियानलाई सहयोग पुऱ्याउँदै आएको छ। यसलाई अझ विस्तार गर्ने योजना छ। फलस्वरुप पछिल्लो समय हामीले थप २४ वटा शाखा खोल्ने अनुमति समेत लिइसकेको छौं । कारोबारलाई अझ प्रविधिमैत्री बनाउँदै सहकारीका सदस्य संघ वा संस्थालाइ बचत र पूँजीको साथै वित्तिय सहज पहुच पुऱ्याउँने लक्ष्य अनुसार कार्य अगाडि बढ्को हो ।

सदस्य संघ वा संस्थालाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्थामार्फत जनताको आर्थिक तथा सामाजिकस्तर माथि उठाउन सहयोग पुऱ्याउने लक्ष्य अनुसार कार्य निरन्तर अघि बढ्छ। त्यसैगरी हामीले शिक्षा, प्रशिक्षणमा समेत जोड दिएका छौं। यसलाई अझ प्रभावकारी बनाउने लागिपरेका छौं । कोभिड १९को महामारीको समयमा समेत भर्चुअल तालिमहरु संचालन भए । वित्तीय जोखिम हुनबाट सदस्य संघ/संस्थालाई सहयोग गर्ने विविध कार्यक्रम छ।

- **कोरोना (कोभिड १९)को महामारीका कारणले देखिएको वित्तिय समस्याले नेपालको सहकारी क्षेत्रलाई कस्तो प्रभाव पारेको छ ?**

विश्व अर्थतन्त्र कोरोना संक्रमणका कारणले थला परेको छ । यस्तो अवस्थामा नेपालको अर्थतन्त्र तथा सहकारी क्षेत्रमा पनि असर परेकै छ। कोभिड १९ जस्तो महामारीले वित्तिय क्षेत्रमा प्रभाव पार्नु स्वभाविक हो । त्यस माथि सहकारी क्षेत्र भनेको ग्रामिण क्षेत्रहरुलाई समेटेर संचालन हुने क्षेत्र हो । कोरोना संक्रमणको प्रत्यक्ष असर देशको ग्रामिण भेगहरुमा परेको छ। त्यस कारण नेपालको सहकारी क्षेत्रमा नकारात्मक असर गरेको छ। तथापी सहकारी क्षेत्रले यो जटिल परिस्थितसँग लडेर पनि यसविरुद्ध महत्वपूर्ण योगदान भने दिइरहेका छन्। स्थानीय, प्रदेश तथा संघिय सरकारसँग समन्वय गरेर सहकारी क्षेत्रले खेलेको भुमिकाबाट नेपालको सहकारी अभियानको छविमा समेत सकारात्मक प्रभाव परेको हामीले पाएका छौं । विपत्को समयमा सहकारीले महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रमाणित भएको छ। तथापी जोखिम बढेको छ। चुनौतीहरु देखिएका छन्।

- **कोभिड १९को असरले आउनसक्ने जोखिम व्यवस्थापनका लागि बैंकको भूमिका अहिले के छ र अब कस्तो रहन्छ ?**

निश्चय नै, विश्वव्यापी कोरोना महामारीको प्रभाव नेपाली सहकारी क्षेत्रमा पनि परेको छ । तर पनि हामी सहकारी क्षेत्रको वित्तीय स्थिरताका लागिहाम्रो अधिकतम् क्षमताको उपयोग गरी यस क्षेत्रमा देखिने जोखिम व्यवस्थापनमा लागिरहेका छौं भने भविष्यमा पनि लागिनै रहने छौं । बैंकले समुदायप्रतिको चाँसोको रुपमा सरकारले स्थापना गरेको कोरोना भाइरस नियन्त्रण, तथा उपचार कोषलगायत स्थानीय तथा प्रदेश स्तरमा स्थापना भएको कोषमा सहयोग गरेको छ । सदस्य संस्थाहरुलाई तरलताका लागि तत्काल कर्जा सुविधा उपलब्ध गराउने, लकडाउनमा समेत अनवरत रुपमा बैंकिङ्ग सुविधा दिएका थियौं । कोरोना प्रभावित संघ/संस्थाहरुलाई कर्जाको ब्याजमा छुट दिने, कर्जाको पुर्नतालिकीकरण गर्ने, सहकारी शिक्षा तथा तालिमलगायत स्तरीकरण कार्यक्रमलाई प्रविधिको प्रयोग गरी अझ प्रभावकारी बनाउने कार्य भयो भने त्यसलाई निरन्तरता समेत दिइएको छ । सदस्य संस्थाहरुसँग निरन्तर सम्पर्क स्थापित गरी उनीहरुका समस्याहरुमा मध्यस्थता गर्ने कार्यमा सहकारी अभियानको नेतृत्व लिइरहेको छ । भविष्यमा पनि बैंकले सदस्य संघ/संस्थाहरुको बैंकिङ्गका साथै संस्थागत सुदृढिकरण, तरलता व्यवस्थापन, सदस्य केन्द्रीयता, सहकारी शिक्षा तथा तालिम लगायतका कार्यहरुमा विश्वस्तरिय आधुनिक सहकारी बैंकिङ्ग प्रविधिको समेत प्रयोग गरी निरन्तर सहकारी क्षेत्रको विकास, प्रवर्द्धन र बैंकिङ्गमा लागि रहनेछ ।

- **लकडाउनको समयमा सहकारी क्षेत्रलाई टेवा पुराउनको लागि प्राविधिक हिसाबले सहकारी बैंकको भूमिका कस्तो रहृयो ?**

पक्कै पनी नयाँ प्रविधि विकासले सबै क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्नेमा कुरा कसैको पनि दुईमत रहन्न । स्वस्फूर्त रूपमा सहकारी क्षेत्र बिस्तार हुदै गईरहेको अवस्थामा आगामी दिनमा सहकारी क्षेत्र प्रविधिमैत्री हुँदामात्र यस क्षेत्रको विकास अवश्यम्भावि छ । हाल केही सहकारी संस्थाहरुले नवीनतम् प्रविधि अवलम्बन गरेर सहज रुपमा सदस्यलाई सेवा दिइरहेको अवस्था छ । तर अझै पनि अधिकांस सहकारी संस्थाहरुले आफ्नो कारोबार चार खाता सिस्टममा रजिष्टरमा लेखा राखी संचालित अवस्था पनि छ । सहकारी बैंकिङ्ग क्षेत्रको एक मात्र संस्थाको नाताले ती संस्थाहरुको कारोबारहरु कम्प्युटर तथा सप्टवेयरमार्फत गर्न प्रोत्साहन गर्दै आवश्यक परामर्श र तालिमको कार्यक्रम गर्दै सहकारीमा आबद्ध सदस्यहरुबिचको अन्तर सहकारी कारोबार, सहकारी संस्थाहरुको भुक्तानी पूर्जा फर्छौट, बिल भुक्तानी वालेट एप जस्ता प्रविधिको प्रयोगमा ल्याई सहकारीको सम्पूर्ण कारोबारहरुलाई डिजिटलाईजेसन गर्ने प्रमुख भूमिका राष्ट्रिय सहकारी बैंकको नै रहन्छ ।

- **कोरोना संक्रमणको प्रभावलाई न्यूनीकरण गर्न बैंकले स्थानीयतहसंग समन्वय समेत गरेको छ । यस विषयमा प्रकाश पारिदिनुस् न ?**

राष्ट्रिय सहकारी बैंक लिमिटेड र स्थानीय तहको संयुक्त प्रयासद्वारा सहकारी क्षेत्रको लागि रकम विनियोजन गर्न समन्वय गरिएको छ । जसकाकारण स्थानीय तहले नीति तथा कार्यक्रम तथा बजेटमा केहि हदसम्म सहकारीलाई सम्बोधन गरेको अवस्था छ । सहकारी क्षेत्र सम्बन्धी कानून निर्माण गर्ने संबन्धमा सहकारी क्षेत्रको अभिभावकको भूमिका निर्वाह गरी सल्लाह सुझाव दिने कार्य भएको छ । स्थानीय पूँजी, अनुभव, प्रविधि, शिप र कलाकौशल र श्रोत साधन परिचलान गरी उत्पादन र रोजगारी अभिवृद्धिमा सहकारी क्षेत्रको भूमिका निर्दिष्ट गर्नुपर्ने पनि देखिन्छ । परिचालन, उद्यमशिलताअभिवृद्धिबाट स्वरोजगार र रोजगारीको सृजना र आधारभूत वस्तु तथा सेवाप्रवाहमा सहयोगी भूमिका खेल्न सक्दछ । सहकारी मार्फत बेरोजगार तथा आर्थिक एवं सामाजिक रुपमा विपन्न वर्गलाई आर्थिक र सामाजिक सशक्तिकरणको प्रक्रियामा सहभागि गराउन सकिन्छ ।

सहकारी संस्थाको क्षमताविकासको लागि सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिमलाई व्यापक तुल्याउनुपर्ने विषयमा स्थानीय तहसँग समन्वय गरिएको छ । यो प्रक्रिया रहिरहन्छ ।

- **सहकारी बैंक सेवालाई यस भन्दा व्यवस्थित तथा प्रभावकारी रुपमा अगाडि बढाउन बैंकको योजना कस्ता छन् ?**

बैंकलाई समग्र सहकारी अभियानको पुंजी परिचालनको केन्द्रको रुपमा स्थापित गर्दै सबै प्रकृतिका सहकारी संघ/संस्थाहरुको वित्तीय आवश्यकता पूरा गर्न अघि बढिरहेका छौं । सहकारी बैंकिङ्गका साथसाथै सदस्य संघ/संस्थाहरुको विकास र प्रवर्द्धनका लागि वित्तीय मध्यस्थता, लबिङ्गमा सहकार्य, निरन्तर शिक्षा तथा तालिम, सदस्य संस्था सुदृढीकरणका स्तरीकरण कार्यक्रम, सदस्य केन्द्रीयताका आधारमा सदस्यको माग अनुरुप नवीनतम् प्रविधिको प्रयोगबाट आधुनिक सहकारी बैंकिङ्गको निरन्तर विकास एवं सञ्चालन, अन्तरराष्ट्रिय सहकारी मूल्य, मान्यता, दर्शन, सिद्धान्तहरुको असल अभ्यासको अनुशरणलाई नेपाली सहकारी अभियानमा स्थापित गर्ने र नेपाली सहकारी अभियानका असल अभ्यासलाई विश्वसामु पुऱ्याउने जस्ता कार्यहरु निरन्तर सञ्चालन गर्ने योजना छ । सहकारी बैंकले नेपालको सहकारी ऐन, नियमले सहकारी बैंकका कार्य भनि तोकेका र सहकारी अभियानले बैंकबाट आशा गरेका सहकारी प्रवर्द्धन एवं सदस्य संस्थाका संस्थागत विकास सम्बन्धी सबै खाले कामलाई आफ्नो प्राथमिकतामा निरन्तर राख्दै आईरहेको छ र आगामी दिनमा समेत यस विषयमा बैंक अत्यन्त सम्वेदशील भई अघि बढ्ने छ ।

## बैकद्वारा संरक्षित पुँजी फिर्ता कोषको रकम बाँडफाँड

राष्ट्रिय सहकारी बैंकले सहकारी ऐन २०७४ तथा नियमावली २०७५ को प्रावधान अनुरूप आर्थिक वर्ष २०७५/०७६ को संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यहरुले पाउने रकमको बाँडफाँड कार्य सम्पन्न गरेको छ । बैंकले संरक्षित पूँजी फिर्ता कोषबाट प्राप्त हुने रकम यस सहकारी बैंकमा नियमित कारोबार गर्ने संघ/संस्थाको खातामा जम्मा गर्ने व्यवस्था मिलाएको जनाएको छ । सदस्य संघ/सस्थाले जम्मा गरेको बचत रकमको लागी ४० प्रतिशत र कर्जामा तिरेको ब्याजको लागि ६० प्रतिशत भारको आधारमा संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाँड गरेको हो ।

बचत र कर्जा कारोबार गर्ने ११,१२५ सम्पूर्ण संघ/संस्थाहरु आ.व. २०७५/७६ को संरक्षित पूँजी फिर्ता कोषबाट लाभान्वित भएका छन् । बचत र कर्जामा उच्च कारोबार गरी योगदान गरेवापत सबैभन्दा बढी रकम फिर्ता पाउने सदस्यले बचत तर्फ रु.१६,६१,००० सम्म र कर्जा तर्फ रु. १०,३२,००० सम्म प्राप्त गर्न सफल भएका छन् । रु.५०,००० भन्दा बढी संरक्षित पूँजी फिर्ता कोष रकम प्राप्त गर्ने सहकारी संघरसंस्थाहरु ३९८ रहेका छन् । बैंकले नियमित बचत तथा कर्जाको कारोबार गर्ने र संरक्षित पूँजी फिर्ता कोषबाट रकम पाउने सम्पूर्ण सहकारी संस्थाहरुलाई हार्दिक बधाई व्यक्त गर्दै आगामी दिनहरुमा समेत सहकारी बैंकमा कारोबार गरी संरक्षित पूँजी फिर्ता कोषबाट लाभ लिन अनुरोध समेत गरेको छ ।

***बैंकका २४ शाखा थपिने.....***

नेपाल राष्ट्र बैंकले भक्तपुरको कमलविनायक र सूर्यविनायक, ललितपुरको इमाडोल, काठमाडौंको नारायणगोपाल चोक, जोरपाटी चोक, नयाँ बजार, पुतली सडक, कालिमाटी, कोटेश्वर, किर्तिपुर र बलम्बुमा शाखा सञ्चालनका लागि अनुमति दिएको छ । यस्तै दाङको तुल्सीपुर, कास्कीको तालचोक, बाराको कलैया, बाँकेको नेपालगञ्ज, मोरङको सुन्दरहरैचा, चितवनको टाँडी, बर्दियाको भुरीगाउँ, कञ्चनपुरको महेन्द्रनगर, सुनसरीको इनरुवा, रुपन्देहीको भैरहवा र तिलोत्तमा, झापाको मेचीनगर र स्याङ्जाको पुतली बजारमा शाखा सञ्चालनको अनुमति दिएको बैंकले जनाएको छ । नेपाल राष्ट्र बैंकको अनुमतिसंगै शाखा सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाइले जानकारी दिनुभयो । नेपाल सरकार र देशभरका करिव १२ हजार सहकारी संघ संस्था सदस्य रहेको बैंकले ४४ शाखा मार्फत २ अर्ब ९ करोड, निक्षेप ३६ अर्ब ५० करोड र कर्जा लगानी २३ अर्ब रहेको प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले जानकारी दिनुभयो ।

# लकडाउनको समयमा सहकारी बैंकको योगदान

विश्वमनी सुवेदी



काठमाडौं । कोभिड- १९ (कोरोना भाइरस) को विश्वव्यापी संक्रमणबाट नेपाल र यहाँका सहकारीकर्मी पनि अछुतो रहेनन् । यस्तो जटिल संकटबीच पनि देशभरका सहकारी संघ संस्थाका तर्फबाट विभिन्न किसिमका सहयोग भए । स्वास्थ्य, कृषि, उपभोक्ता, दूग्ध, सञ्चारलगायत वित्तीय रुपमा सहकारीको योगदान महत्वपूर्ण छ । तर, सहकारीको एकमुष्ट योगदान नभएकाले त्यसबारे यकिन तथ्यांक आइसकेको छैन । कोरोनाविरुद्धको युद्ध जितेपछि राष्ट्रिय सहकारी बैंकका तर्फबाट देशभर सहकारीको योगदान सहितको बुलेटिन प्रकाशित गरेर अगाडि बढ्ने बैंकको योजना रहेको छ ।

काठमाडौं । नयाँ आर्थिक वर्षको पूर्वसन्ध्यामा संघीय संसदको अर्थ समितिले आयोजना गरेको छलफल कार्यक्रममा राष्ट्रिय सहकारी बैंकले आफ्नो सक्रिय सहभागिता जनायो । राष्ट्रिय सहकारी महासंघको नेतृत्वमा राष्ट्रिय सहकारी बैंक र विषयगत संघका प्रतिनिधिसहित गएको सहकारीकर्मीको समूहले कोरोना संन्त्रासको वर्तमान संकटमा सहकारी क्षेत्रलाई परेको समस्या, सोको दीर्घकालीन समाधान तथा आगामी वर्षको बजेटमा समग्र सहकारी क्षेत्रको योगदानका आधारमा रकम विनियोजन गर्नुपर्ने विषयमा व्यापक बहस भयो । उक्त बैठकमा समितिका सभापति तथा माननीय सांसद कृष्ण दाहालले तीन खम्बे अर्थनीतिको एउटा खम्बा सहकारी भएकोले सहकारी स्वनियमनमा बस्नुपर्ने बताउनुभयो । त्यसो गर्दा सहकारीमा सुशासन कायम हुने उहाँको सुझाव थियो । साथै, बजेटले सहकारी विशेष गरेर कृषि क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड़ दिनु भयो । यसै गरी समितिका सदस्य तथा पूर्वअर्थ मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सहकारीमा देखिएको कमी कमजोरी हटाउँदै सहकारी तथा यसका सदस्यहरुलाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिनुभयो । सहकारी क्षेत्रलाई थप प्रभावकारी बनाउन सम्बन्धित सहकारीकर्मीबाट आएको विषयलाई बजेटमा सम्बोधन गर्नुपर्ने पनि उहाँले बताउनुभयो । महासंघका अध्यक्ष मीनराज कँडेलले बन्दाबन्दीको समयमा सहकारीमा आबद्ध सदस्यको जीवनसँगै संस्थाको वित्तीय अवस्थासमेत प्रभावित भएको हुनाले यसपछि पनि समस्या हुनसक्ने तर्फ ध्यानाकर्षण गराउनुभयो । राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी क्षेत्रको प्रबर्द्धन र विकास तथा बैकिंङ कारोबारका लागि स्थापना भएको सहकारी बैंकले सहकारी क्षेत्रमा आइपर्ने जस्तोसुकै समस्यामा पनि बैंकले वित्तीय अभिभावकत्व एवं व्यवस्थापकीय परामर्शदाताको भूमिका निर्वाह गर्ने बताउँदै बैंकका कामहरुलाई अझ प्रभावकारी व्यवस्थित र सदस्यकेन्द्रित गर्न छुट्टै राष्ट्रिय सहकारी बैंक ऐनको आवश्यकता रहेको बताउनुभयो । यस्तै, अन्तर सहकारी सदस्य भुक्तानीलाई व्यवस्थित गर्न नीतिगत व्यवस्था गरी सहज बनाउनुपर्ने र सहकारी बैंकले पनि समासोधन गृहको सदस्यता पाउनुपर्ने र अन्य बैंकहरुको जस्तै सहकारी बैंकको पनि चेक क्लियरिङ हुने व्यवस्था मिलाउनसमेत अध्यक्ष उप्रेतीले माग गर्नुभयो ।

हाल बैंकले बढी व्याज प्रदान गरी कुनै सहकारीबाट निक्षेप संकलन गरीरहेको तथा उक्त निक्षेप नै अर्को कुनै सहकारीलाई कर्जाको रुपमा प्रदान गर्दा कर्जाको व्याजदर बढी देखिएकोले बैंकलाई सहुलियत कर्जा आबश्यक रहेको अध्यक्ष उप्रेतीले औंल्याउनु भयो । साथै, कोरोना प्रभाव हटाउन बजेटबाटै राहत आउनुपर्ने पनि उहाँले बताउनु भयो । अर्थ समितिका अधिकांश सांसदको उपस्थिति रहेको उक्त बैठकमा सहकारी अभियानका शीर्षस्थ व्यक्तित्व, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष तथा बिभिन्न सहकारी केन्द्रीय संघका प्रतिनिधिको उपस्थिति थियो ।

**विपन्नवर्गलाई सहयोग**

झापा । राष्ट्रिय सहकारी बैंक, प्रदेश १ अन्तर्गतका शाखा प्रमुख तथा कर्मचारीहरुद्वारा 'एकका लागी एक' अभियानअन्तर्गत गरिएको आर्थिक सहयोगमा आधारित भएर झापा, चारपानेस्थित सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले कोभिड- १९ (कोरोना भाइरस) महामारीका कारण समस्यामा परेका विपन्न परिवारलाई सहयोग गर्ने उद्देश्यले सहयोग कार्यक्रमको आयोजना गऱ्यो । पाँचथर, इलाम, बिर्तामोड, दमक, उर्लाबारी, इटहरी, धरान, धनकुटा र बिराटनगर शाखाका शाखा प्रमुख र कर्मचारीसहित बैंकका प्रमुख कार्यकारी अधिकृत वद्री गुरागाईबाट संकलित जम्मा ६१ हजार रुपैयाँ सहयोग प्रदान गरिएको हो । उक्त नगद सहयोग रकम सहारा नेपाल सहकारीका एरिया म्यानेजरद्वय ओम शाह र यादव बस्नेतलाई राष्ट्रिय सहकारी बैंक प्रदेश १ कार्यालयका शाखा प्रबन्धक प्रभु पोखरेलले हस्तान्तरण गर्नुभएको हो । देश लकडाउनमा भएको बेला दैनिक ज्यालादारी र मजदुरवर्गका लागि गुजारा चलाउन समस्या भइहेको अवस्थामा सहारा नेपालको 'एकका लागी एक' कार्यक्रमले सो वर्गलाई सहयोग पुग्ने भन्दै यस्तो अवस्थामा सबैले एक अर्कालाई सहयोग गर्नुपर्ने दायित्व सम्झेर सहयोग गरिएको शाखा प्रबन्धक पोखरेलले बताउनु भयो । साहारा नेपालले उक्त सहयोग रकम दैनिक ज्यालादारी गर्ने बिपन्न परिवारका बिहान बेलुका छाक टार्न समस्या परेका परिवारलाई खाद्यान्न सहयोग गर्ने बताइएको छ । स्मरणीय छ, यसअघि बैंकले कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण केन्द्रीय कोषमा बैंकका सञ्चालक तथा लेखा समितिको बैठक भत्ता, कर्मचारीहरुको एक दिन बराबरको तलव-भत्तासहित समावेश गरी जम्मा ११ लाख ११ हजार एक सय ११ रुपयाँ सहयोग गरिसकेको थियो ।

**संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण**

ललितपुर । राष्ट्रिय सहकारी बैंकले सहकारी ऐन २०७४ तथा नियमावली २०७५ को प्रावधानअनुरूप आर्थिक वर्ष २०७५/०७६ को संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यहरुले पाउने रकमको बाँडफाँड कार्य सम्पन्न गरेको छ । बैंकले संरक्षित पुँजी फिर्ता कोषबाट प्राप्त हुने रकम सहकारी बैंकमा नियमित कारोबार गर्ने संघ-संस्थाको खातामा जम्मा गर्ने व्यवस्था मिलाएको जनाएको छ । सदस्य संघरसस्थाले जम्मा गरेको वचत रकमको लागि ४० प्रतिशत र कर्जामा तिरेको ब्याजको लागि ६० प्रतिशत भारको आधारमा संरक्षित पुँजी फिर्ता कोषको रकम बाँडफाँड गरेको हो । बचत र कर्जा कारोबार गर्ने सम्पूर्ण (११ हजार एक सय २५) संघ-संस्थाहरु आ.व. २०७५/७६ को संरक्षित पुँजी फिर्ता कोषबाट लाभान्वित भएका छन् । वचत र कर्जामा उच्च कारोबार गरी योगदान गरेवापत सबैभन्दा बढी रकम फिर्ता पाउने सदस्यले बचत तर्फ रु. १६ लाख ६१ हजारसम्म र कर्जा तर्फ रु. १० लाख ३२ हजारसम्म प्राप्त गर्न सफल भएका छन् । रु. ५० हजारभन्दा बढी संरक्षित पुँजी फिर्ता कोष रकम प्राप्त गर्ने सहकारी संघरसंस्थाहरु तीन सय ९८ रहेका छन् । बैंकले नियमित बचत तथा कर्जाको कारोबार गर्ने र संरक्षित पुँजी फिर्ता कोषबाट रकम पाउने सम्पूर्ण सहकारी संघरसंस्थाहरुलाई हार्दिक बधाई व्यक्त गर्दै आगामी दिनहरुमा समेत सहकारी बैंकमा कारोबार गरी संरक्षित पुँजी फिर्ता कोषबाट लाभ लिन अनुरोध समेत गरेको छ ।

**लकडाउनमा विभिन्न बैंकहरुका गतिविधि**

कोभिड- १९ (कोरोना भाइरस) को विश्वव्यापी महामारीका कारण अस्तव्यस्त भएको जनजीवनलाई आर्थिक पक्षबाट सहज बनाउने प्रयत्नमा नेपालका बैंक तथा वित्तीय संस्थाहरुले खेलेको भूमिका स्मरणीय छ ।

**राष्ट्र बैंकको पहल**

कोरोना संक्रमण फैलिएसँगै नेपालमा २०७६ चैत ११ गतेदेखि घोषित रुपमा लकडाउन (बन्दाबन्दी) शुरु भयो । यो क्रम २०७७ सालको असार १ गतेसम्म रह्यो । यसबीचमा विभिन्न व्यावसायिक तथा सर्वसाधारणका आर्थिक गतिविध अस्तव्यस्त हुन नपाओस् भन्नका निम्त नेपाल राष्ट्र बैंकले विशेष पहल लिएको थियो । सरकारले लकडाउनको घोषणा गर्दै बैंकिङ सेवालाई अत्यावश्यक सूचीमा नराखेपछि बैंकहरु खुल्ने कि नखुल्ने भन्ने अन्यौलता उत्पन्न भएको थियो ।

तर, राष्ट्रबैंक र बैंकर्स संघको पहलमा सबैजसो बैंक तथा वित्तीय संस्थाले यथासम्भव साथ दिए । बैंकहरुलाई निश्चित शाखा तोकेर सेवा नियमित गर्न राष्ट्र बैंकले निर्देशन दिएसँगै कर्मचारीको हितलाई ध्यानमा राखेर विभिन्न बैंकहरु आ-आफ्ना शाखामा सिमित समय कारोबार गर्न तयार भएका थिए ।

यस क्रममा नेपाल राष्ट्र बैंक र नेपाल बैंकर्स संघका पदाधिकारीबीच अनौपचारिक छलफलपछि लकडाउनको समयमा पनि बैंकिङ कारोबार सूचारु गर्न सीमित शाखाहरु खुला गर्ने निर्णय गरेको थियो ।

राष्ट्र बैंकले २०७६ चैत ९ गतेबाट मोबाइल बैंकिङबाट गर्न सकिने भुक्तानी कारोबारको अधिकतम सीमा बढायो । यससँगै ग्राहक महानुभावहरुले मोबाइल बैंकिङबाट प्रतिदिन रु एक लाख तथा प्रतिमहिना १० लाखसम्म कारोबार गर्ने वातावरण बनेको थियो ।

**राष्ट्रिय बाणिज्य बैंकको सक्रियता**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोषमा एक करोड ५० लाख रुपैंया आर्थिक सहयोग गऱ्यो । उक्त बैंकले आफ्नो सिंहदरबार परिसरमा रहेको कोषको खातामा सो रकम जम्मा गरेको थियो । लकडाउनको समयमा बैंकले आफ्ना ग्राहकलाई देशव्यापी एटिएम सेवा, नगद काउण्टर, रेमिट्यान्स, क्लियरिङ, एलसीलगायतका बैंकिङ सेवा प्रदान गऱ्यो । उक्त बैंकले ०७७ असार मसान्तसम्मको लागि जुनसुकै बैंकको एटिएम कार्ड प्रयोग गर्दा ग्राहकलाई शुल्क नलाग्ने, मोवाइल बैंकिङ, इन्टरनेट बैंकिङमा समेत शुल्क नलाग्ने व्यवस्था गऱ्यो । बैंकका सातैवटा प्रदेशमा रकम जम्मा गर्न विभिन्न शाखा कार्यालयहरुमा कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोष खाताहरु खोलियो । यी खाताहरुमा कनेक्ट आइपिएस, मोवाइल बैंकिङ, इन्टरनेट बैंकिङलगायत विद्युतीय माध्यमबाट पनि रकम जम्मा गर्न सकिने बनाइएको थियो ।

**निजी क्षेत्रको पहल**

निजी क्षेत्रको हिमालयन बैंकले लकडाउनको अवधीमा आफ्ना १३ वटा शाखा खुला राख्यो । उक्त बैंकले उपत्यकामा ठमेल र पाटन शाखा मात्रै खुला राखेको थियो । त्यसबाहेक विभिन्न प्रदशेका केही शाखा खुला राख्यो । बैंकका अधिकांश शाखा ११ देखि १ बजेसम्म खुला भए । उपत्यका बाहिरका केही जिल्लाका शाखा १० देखि १ बजे र केही बैंकको शाखा २ देखि ४ बजेसमम खुला रहे । नबिल बैंकले लकडाउनको समयमा देशभरका ४२ वटा शाखा खुला गरी कारोबार सुचारु गरेको थियो । त्यसमध्ये उपत्यकाका ललितपुर र तीनधारा शाखा खुला थिए । ती शाखा बिहान ११ बजेदेखि १ जबेसम्म मात्रै खुले । प्रभु बैंकले सातवटै प्रदेशका ३८ वटा शाखा खुला राखेको थियो । एनएमबी बैंकले उपत्यसहित ३१ वटा शाखा खुला राख्यो । उसले उपत्यकाभित्र सूर्यविनायक, थापाथली, चावहिल र कुमारीपाटी शाखा खुला राख्यो । ग्लोबल आइएइमई बैंकको सातै प्रदेशका ४४ शाखा खुल्ला थिए । उक्त बैंकको उपत्यकाभित्र पानीपोखरी, थानकोट शाखा लकडाउन अवधीमा खुल्ला थिए । एनआईसी एसिया बैंक लिमिटेडले आपतकालीन अवस्थामा खाद्यान्न सामग्री ग्राहकको घरमै पुऱ्याएर विक्री गर्न व्यवसायीहरूलाई क्युआर कोड प्रदान गरेको थियो ।

**व्याज मिनाहाको माग**

निर्यात व्यवसायी महासंघको अगुवाईमा विभिन्न उद्योगका छाता संगठनले लकडाउनको समयमा उद्योग बन्द गर्नुपरेकाले नाफा नभएको भन्दै यस अवधिको पूर्ण रुपमा ब्याज मिनाह गर्न माग गरेका छन् । वित्तीय मुनाफा नहुँदा समस्या भएको कारण उनीहरुले पूर्ण व्याज मिनाहको माग गरे । तर, सरकारले त्यस्तो मागउपर सकारात्मक जवाफ दिएको छैन । उनीहरुले उत्पादनमुलक उद्योग, निर्यात उद्योग तथा व्यवसायीहरुलाई दुई वर्षसम्म बैंक व्याजदर ३ प्रतिशत भन्दा बढी तिर्न नसक्ने अवस्था भएकोले सोही अनुसारको कार्यनीति लागु गर्न आग्रह गरेका थिए । तत्कालीन अवस्थामा बैंकको ऋणको व्याज र किस्ताका विषयमा सबै वस्तुगत संघहरुको साझा सवालका विषयमा ०७७ वैशाख १२ गते वस्तुगत संघहरुको भेलाले कार्यदल गठन गरेको थियो । कार्यदलले उद्योग र व्यापारलाई विषम परिस्थितिबाट जोगाउन प्रधानमन्त्रीलाई देशको अर्थतन्त्र जोगाउन ज्ञापनपत्र बुझाएको छ ।

# स्थानीय तहलाई सहकारी अभियानको सुझाव

राष्ट्रिय सहकारी बैंकको सहजीकरणमा देशभरका जिल्ला सहकारी संघहरुको नेतृत्वमा 'स्थानीय तहमा सहकारी मैत्री नीति तथा कार्यक्रम र बजेट निर्माण' विषयक भर्चुअल सहकारी अन्तरक्रिया कार्यक्रम गत २०७७ असार ३ गते सम्पन्न भएको थियो । स्थानीय तहमा सहकारी मैत्री नीति कार्यक्रम ल्याउनका लागि सहकारीकर्मी तथा संघहरुलाई लविङमा लाग्न पृष्ठपोषण गराउने उद्देश्यले भएको सो अन्तक्रिया कार्यक्रम भएको थियो । जसको प्रभाव स्थानीय तहले जारी गरेको नीति तथा कार्यक्रम तथा बजेटमा परेको थियो ।

बैंकका अध्यक्ष के.बी.उप्रेतीको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा विषयवस्तु र सहकारी बैंकको वर्तमान अवस्थाको बारेमा बैंकका कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी गराउनु भएको थियो । उक्त अन्तरक्रिया मार्फत देशभारिका सबै पालिकाहरुलाई सहकारी मैत्री नीति तथा कार्यक्रम र बजेट निर्माणका लागि ध्यानाकर्षण गराइएको थियो । सो भर्चुअल भेलाको निस्कर्ष अनुसार नै देशभरका ७५३ वटै स्थानीय तहमा सहकारी क्षेत्रको तर्फका सुझाव दिने कार्य समेत भएको थियो । समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि संविधानको भावनालाई समेटर सहकारी क्षेत्रलाई प्राथकिता दिएर समन्वय र सहकार्यका लागि ध्यानकर्षण गराइएको बैंकका अध्यक्ष उप्रेतीले बताउनुभयो । संविधानको भावना अनुसार राज्यका सबै तहमा सहकारी क्षेत्रको सहभागिता र समन्वय गर्नका लागि जिल्ला सहकारी संघहरुको नेतृत्वमा स्थानीय तहलाई सुझाव पेश गर्ने काम भएको प्रेतीले जानकारी दिनुभयो । संघीय संरचना अनुसार ३ तहको सरकार बनेको र सहकारीहरुको प्रवर्धन, नियमनका लागि सबै सरकारको कार्यसूचीमा उल्लेख भएकाले तीन वटै तहका सरकारले सहकारीलाई प्राथमिता दिनु पर्नेमा सहकारीकर्मीहरुको जोड थियो । 'सबल र आत्मनिर्भर अर्थतन्त्रका लागि स्थानीय स्रोत र साधनको अधिकतम उपयोग आवश्यक छ,' बैंकका अध्यक्ष उप्रेतीले भन्नुभयो-'त्यसका लागि सहकारी क्षेत्रसंग भएको श्रम, सीप, पूँजि तथा प्रविधिको उपयोगका लागि पनि सहकारीमैत्री नीति तथा कार्यक्रम निर्माण र सहकार्य आवश्यक छ ।

छलफलका सहभागीहरुले स्थानीय राजस्व परामर्श समितिमा सहकारी क्षेत्रको समेत पदेन सदस्य हुने ब्यबस्था हुनुपर्ने, वित्तीय सेवाको पहुँच बिस्तार गर्न तालिम शिक्षामा बजेट बिनियोजन गरिनुपर्ने, सहकारी संघसंस्थालाई एकिकरणका लागि प्रोत्साहित गर्न स्थानीय सरकारले लिने बिभिन्न प्रकारका दस्तूर एबम करमा छुट लगायतका अन्य सुविधाहरू उपलब्ध गराउने व्यवस्था हुनुपर्ने सुझाव दिएका थिए । वभिन्न निकायहरूबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ता सहकारीबाट वितरण हुने व्यवस्था हुनुपर्नेमा समेत जोड दिइएको थियो ।

सहभागीहरुले सहकारी क्षेत्रको प्रवर्धनका लागि पालिकाबाट विनियोजन हुने वजेटको कम्तीमा ५ प्रतिशत सहकारी क्षेत्रका लागि छुटाउने व्यवस्था गरिनु पर्ने, सहकारी मार्फत संभाव्यताको आधारमा ''एक पालिका एक उत्पादन'' मोडलमा जग्गा बाँझो नहुने गरी सहकारी खेती फार्मको प्रवर्धन हुनुपर्ने, कृषि जमीनमा कृषकको पहुँच बिस्तार गर्न सहकारी मार्फत करार खेती, कौसी खेती, चक्लाबन्दी र सामूहिक खेतीलाई बिशेष प्रोत्साहन गर्दै भूमि बैंक मार्फत खेती र शीतभण्डार निर्माणमा अनुदान दिनुपर्ने लगायतका सुझाव आएको थिए । यी सुझावहरु समेटेर स्थानीय तहलाई एकमुष्ट अभियानकोतर्फबाट सुझाव प्रदान गर्ने भएको भएको थियो । कार्यक्रममा देशभरका जिल्ला सहकारी संघ र विषयगत सहकारी संघका अध्यक्षहरु, बैंकका केन्द्रीय उपसमितिका संयोजक तथा सदस्यहरु , बैंकको शाखा समन्वय उपसमितिका संयोजकहरु तथा बैंक परिवार सहित २ सय ५० जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन बैंकको तालिम विभाग प्रमुख रामबाबु आचार्यले गर्नु भएको थियो ।

# Institutional Governance in Saving and Credit Cooperatives



**Chandrakala Paudel, Province Secretary**
**Ministry of Economic Affairs and Planning**
**Gandaki Province**

**Global Historical Development**

The modern history of saving and credit dates back to 1850 when Franz Hermann Schule-Delitzch, German economist and politician[1], established *Vorschussvereine* (People's Bank) with the aim of providing credit to traders and craftsmen. The essential requirements of his Volksbanken, or People's Banks, were the concept of Selbsthilfe (self-help), the general assembly as the main body of governance and the election of the executive and control bodies following the 'one man, one vote' principle.[2] By 1861, 364 credit coops were established under the guidance of Schulze-Delitzsch and had organized 49 thousand members. Another pioneer of credit union, Friedrich Wilhelm Raiffeisen, is known for his initiation to introduce cooperatives in rural Germany for small farmers unlike to Schulze whose credit unions were concentrated in urban. Raiffeisen, set up a credit society based on the principle of "Each for All, All for Each" in 1864 to fight against the viciousness of the poverty in the poorest and infertile regions of Germany. He established the principles of Self-help, self-administration and self-responsibility for bringing about structural improvements in the living conditions of poor people rejecting the concept of charity which would merely increase dependency. While Schulze-Delitzsch is chronologically earlier, Raiffeisen has proven more influential over time.[3]

Later, the idea of credit unions quickly began to spread across Europe before they were consolidated in Germany and in the early 20th in the North America. They were based on the principle of unlimited liability for members; volunteer directors; limited geographic area; and allocation of surpluses to an indivisible reserve. The credit union movement was expedited and in 1934 confederation was formed as Credit Union National Association (CUNA) of US to associate and help for safe operation of credit unions. The establishment of CUNA germinated the seed of World Council of Credit Unions (WOCCU) to strengthen the credit union movements worldwide for improving economic status of people and saving them from usury existing in the developing countries. As a result of constant effort, by the late of 1960s organizations of all over the world had joined to form the world credit union system of today. However, it was only in 1971, when World Council as leading organization of credit unions of the world came into operation.

WOCCU is a part of International Cooperative Association (ICA) and also has an observer status at the UN since 1978. By 2018, it has 50 national associations, 50 direct members, 10 affiliate members, and 2 international members. It incorporates 85 thousand credit unions worldwide which organize 274 million members i.e. 9.4 Percent of world's economically active population and 22.5 percent of total cooperative members as reported by ICA.

1 https://en.wikipedia.org/wiki/History_of_credit_unions
2 Silvio Goglio and Panu Kalmi, Credit Unions and Co-operative Banks Across the World, Pg.2, (file:///C:/Users/HP%20CORE%20I%205%207TH%20GN/Dropbox/Cooperatives/Credit%20Unions%20and%20Co-operative%20Banks%20Across%20the%20World.pdf, Accessed on 12 July 2020)

**Principles of WOCCU**

Since WOCCU is the international apex organization for all the credit unions of the world, it has formulated three sets of International Credit Union Principles for the sustainability of organization, protection and growth of the members. At the core of all these principles are the Credit Union's philosophy of cooperation and its central values of self-help, self-responsibility, equality, equity, democracy and solidarity. At the heart of these principles is the concept of human development and the brotherhood of man expressed through people working together to achieve a better life for themselves and their community.[4]

1. Credit Unions Operating Principles

- Cooperative Structure: member owned, member controlled, democratic control
- Service to Members: financial inclusion, financial sustainability, maximizing member economic benefit
- Social Responsibility: financial literacy, network cooperation, community responsibility, global vision

2. Credit Union Governance

- External Governance
  - A. Transparency
  - B. Compliance
  - C. Public accountability

- Internal Governance
  - A. Structure
  - B. Continuity
  - C. Balance
  - D. Accountability

- Individual Governance
  - A. Integrity
  - B. Competence

C. Commitment

3. Consumer protection principles

- Disclosures of Rates and Fees
- Periodic Statements
- Honest and Non-Deceptive Promotions
- Fair Credit Practices
- Dignified Collection Practices
- Members' Consent to Share Information
- Dispute Resolution Services
- Education About Thrift and
- Wise Use of Credit Fair and Forthright Conversions

**Defining governance in credit union**

By governance we understand the general set of rules and policies and constant monitoring of their implementation for achieving goal of any organization through power balance and prosperity of its members. Corporate governance involves a set of relationships between a company's management, its board, its shareholders and other stakeholders. Corporate governance also provides the structure through which the objectives of the company are set, and the means of attaining those objectives and monitoring performance are determined. [5] Even though standard sets of principles and theories have been developed for effective and efficient corporate governance, WOCCU has developed its own three-part system of governance principles for credit unions. The motif of other financial institutions is to maximize profit of the owners' whereas credit unions tend to work for benefitting members. Unlike to other financial institutions, credit unions benefit members through lower interest rate in loan, higher dividends and the lower services fees. Therefore, WOCCU assumes that governance in credit unions is unique and quite alike to other financial organizations and is the combination of three fold of governance.

The first fold consists of External governance which is assumed to make strong hold of any credit union in the financial market place through transparent operation of institution, compliance with prevailing laws and regulations and accountable to public.

The second fold consists of internal governance which basically defines about the responsibilities and accountability of Board of Directors (BOD), general assembly and staffs of the unions.

It also defines the structure and formation of the board of directors for democratic operation, responsibilities of general assembly for democratic control and administrative functions of the staff for benefitting members. Further, internal governance focuses on the preservation of future balance for the continuation of credit unions and accountability of BOD and management.

The third fold is individual governance which focuses on the integrity, competence and commitment of the BOD which represent the general assembly and the management which administer the credit unions.

Therefore, institutional governance of credit unions or the saving and credit cooperatives Societies (SACCOs) is the consolidation of all the external, internal and individual governance. Any SACCO is considered to have good institutional governance if operated by following the cooperative values and principles in compliance with the national laws, which runs its function in transparent way, which is accountable to the general public, whose BOD is competent and committed to best represent its members' interest and focuses on the members' benefit.

**Factors Affecting Institutional Governance in SACCOs**

SACCOS are member-based co-operatives formed to meet the financial needs of members. They provide formal financial access to the members and assist in their socio-economic development. If institutional governance is maintained in SACCOs, it possibly becomes the means to reduce the poverty. However, some SACCOS cannot strengthen good institutional governance which leads the institutions to be problematic. The institutional governance is affected by the external and internal factors which prevent them from achieving the goal of the members and community at the large.



5 Organization for Economic Co-operation and Development (OECD). (2004). , pg. 11.http://www.oecd.org/corporate/ca/corporategovernanceprinciples/31557724.pdf, Accessed on 13 July, 2020.

**Internal Factors**

World Bank points out the member-manager conflict as the major cause of the failure of the Financial Cooperatives (FCs). The key internal conflict is member-manager conflict, also known as the "expense preferences" by managers. Besides, for the proper function of the FCs there should be fit and proper requirements for both governance bodies, and the selection of senior management and their succession, are crucial albeit often loosely defined or simply not observed[6]. The tendency of making decision for investing money by BOD on the self or the nearest ones is generally causing conflict of interest which can be eliminated by introducing proper set of rules and effective internal monitoring.

Financial Stability Institution reports that the most frequently raised issues by surveyed jurisdictions include low attendance in general meetings, lack of renewal of boards and senior management, and the insufficient skill sets, expertise and qualifications of senior managers and members of oversight bodies[7].

Members' inadequate knowledge on cooperatives and their lack of interest for investing time in their organization, and insufficient knowledge on supervisory committee members regarding internal control create challenge for internal governance.

Internal governance of some FCs seems to be feeble due to insufficient training and education dissemination to members, BODs and management. Similarly, weak accounting system and unorganized record keeping, misuse of funds by BOD and management, undetermined qualification of BOD, weak leadership and institutional capacity, high interest rate on loans and poor loan recovery mechanism are few more challenges for institutionalizing governance in SACCOs.

**External Factors**

Insufficient governmental supervision and monitoring might lead SACCOs to the problem if the BOD and senior management work with the vested interest. Therefore, it is the regulatory body of SACCOs that has to constantly inspect and supervise the FCs for operating them according to the cooperative values principle and standards. Similarly, some SACCOs also seem to have been problematic because of the high competition with other financial institutions.

**A Glimpse of Development of SACCOs in Nepal**

The modern cooperatives movement in Nepal is initiated with the establishment of Department of Cooperatives (DOC) under the ministry of Agriculture in 1953 AD. The first cooperatives Bakhanpur Saving and Credit cooperative was established along with thirteen SACCOs registered in the fiscal year 1956/57 under the executive orders of 1956[8]. A large number of SACCOs were established in country after the promulgation of Cooperative Act, 1992. At present, there are altogether 13578 SACCOS (39 percent of total cooperatives). Moreover, SACCOS hold 74 percent of share, 72 percent of deposits and 66 percent of credit made by cooperative sector. The apex body or the federation of SACCOs is Nepal Federation of Saving and Credit Cooperative Unions LTD. (NEFSCUN). It aims at promoting, developing and strengthening SACCOs on the basis of principles of international credit union in compliance with national laws. Ministry of Land Management, Cooperatives and Poverty Alleviation and Department of Cooperatives are regulatory bodies at the federal level whereas provincial and local governments are responsible for the regulation in their respective jurisdiction.



2020
7 Rodrigo Coelho, Jose Angelo Mazzillo, Jean-Philippe Svoronos and Taohua Yu. : Financial Stability Institution. Regulation and supervision of financial cooperatives. https://www.bis.org/fsi/publ/insights15.pdf, Accessed on 14 July, 2020
8 Government of Nepal, Department of Cooperatives. Sahakarita, pg.105.

**Legal Basis for Institutional Governance of SACCOs in Nepal**

The constitution of Nepal has given jurisdiction to the three tiers government for the regulation of cooperatives. In federal level Cooperative Act, 2017 and Cooperative Rule, 2019 direct the registration, promotion and regulation of cooperatives registered and operated under federal law. Similarly, all the provinces and local levels too have promulgated their own cooperative act and rule on the basis of the specimen provided by the concerned ministry at federal level. While preparing the act and rules, the legislators are guided by the cooperative norms, values and principles and have tried to maximize members' benefit through cooperative development. Our national laws and policies on cooperatives are developed by carrying the spirit of the cooperatives principles and best international practices. Our constitution, periodic plans and policies, political manifestations, the Guidance Notes to Cooperative Principles, 1995 by International Cooperative Alliance, international best practices, extended consultation with the stakeholders, research and learning from our own past are the major guideline for the present cooperative laws of Nepal.

The supervision of FCs by Registrar's Office seems quite contrary to what WOCCU advocates that, credit unions supervised by the financial sector regulator enjoy greater public confidence and trust, which results in higher membership and savings growth[9]. However, it is not mandatory for all the FCs to be regulated by the financial sector supervisory body if the prevailing cooperative regulatory bodies are capable of supervising them in order to run them in accordance to the principles of cooperatives. In our context, Cooperative Rules, 2019 has provisioned the supervision of FCs having more than five hundred million annual transactions by Nepal Rastra Bank. Our national laws have incorporated the provisions of accounting and audit regulations, internal regulations, operational regulations, administrative regulations, enforcement regulations and consumer protection regulations as guided by WOCCU for the good governance of FCs.

All the SACCOs are monitored by the monitoring system of Protection, Effective financial structure, Asset quality, Rates of return and costs, liquidity, Signs of Growth (PEARLS) in Nepal. PEARLS is not only the assessment tool for regulatory body but also it provides credit union managers, directors, and supervisors with concise, easy-to read reports that reveal institutional trends and identity strengths and weaknesses[10].

Similarly, the governance of FCs has internal control by organization's own by-laws, policies, directives and procedures which are endorsed by governmental regulatory body. NEFSCUN has introduced the ACCESS and PROBATION branding tool of SACCOs developed by ACCU and itself respectively. It gives accreditation to SACCOs if required standards are met. These branding strategies help in establishing cooperatives as different sector from other financial institutions by promoting the cooperative values, norms and principles.

**Key Challenges of Institutional Governance of SACCOs in Nepal**

In 2015, Nepal Rastra Bank has mentioned that SACCOs are in problem since they are involved in transaction with non-members, large portion of share belonging to limited members, more FCs in urban areas and banks as their competitor, difference in interest rate of more than 6 percent in saving and credit, investment in unproductive sector like land purchasing and housing etc.

Devkota Taskforce, 2011 has mentioned that major challenges of FCs are to manage increased size of financial transaction, to follow obligations of financial and monitory policies and other prevailing regulations, weak



9 WOCCU, (2008). Technical Guide Credit Union Regulation and Supervision. https://www.findevgateway.org/sites/default/files/publications/files/mfg-en-toolkit-credit-union-regulation-and-supervision-technical-guide-2008.pdf,Accessed on 16 July,2020
10 ibid, pg. 13

Regulatory mechanisms for following international principles, and motif of promoting individual business in the name of cooperatives[11]. Karki Commisson concludes that the major problems of SACCOs are arisen from weak self-regulation, inadequate education, distort of financial discipline, activity outside membership, misuse of cooperatives fund, extended membership, investment of FCs in non-productive sectors along with others.[12]

15th periodic plan has mentioned that mobilization of the fund according to priority setting of needy members, to invest for income generation and employment creation[13] are the key challenges of cooperatives along with other.

Hence, the key challenges for institutional governance of SACCOs in Nepal are to create financial discipline, to make BOD guided by volunteerism, to discourage fund mobilization in non-productive sector and encourage for cooperatives, and increase regulation by concerned authority for establishment of good governance of cooperatives.

**Future Direction for Institutional Governance in SACCOs**

The constitution of Nepal, periodic plans, cooperative laws, cooperatives principles and sectorial policies have envisioned that SACCOs are formed through common bond of lower and middle economical background of people especially in rural areas which lag behind formal financial access. Accordingly, cooperative act and rules have clearly mentioned the demarcation line for SACCOs formation and restructuring in local level, directed for ending double membership in same nature of cooperatives, standards for BODs appointment and responsibilities and rights of General Assembly, guided for fund creation and mobilization, specified the regulatory bodies, provisioned for crime related to cooperatives, and many more for creating good governance in SACCOs. Nevertheless, the federation and SACCOs themselves have to follow the national cooperative laws for promoting internal governance. The BOD has to be competent, committed and inclusive for promoting the cooperative principles and serving the members. It should check if its member is its own or if belongs to other SACCO too, should know about the number of active members and dissolve the inactive membership according to legal provision, should teach its member about the cooperatives values, should avoid the personal and vested interest, should have business plan and promotion strategy and should have feeling of volunteerism. They should have sound knowledge on financial management and the cooperatives laws so that they can save the cooperatives from being problematic. In addition for the better governance, the member is equally responsible. They should keep interest towards the information related to financial transactions and status of their cooperatives and make BOD and management cautious about their monopolies and strengthen the internal control mechanisms.

**Conclusion**

Cooperatives have mechanisms for self-control, self-administration and self-regulation. Their owners and clients are the same persons or the members. Principally, they have the best institutional governance. Based on this, it is believed that the role of government should be mostly concentrated in their education, promotion and development. However, the weak regulatory functions of government created by Cooperative Act, 1991 increased not only the number of cooperatives but also their fraudulent activities disrupting the cooperatives principles and financial rules. In this pre-context, prevailing cooperative law has attempted to make strong regulation from regulatory bodies for the preservation of the most democratic principles of cooperatives. Therefore, now the SACCOs and federation should be guided by the national laws, international principles and best practices for improving the internal governance. If the provision of Cooperative Act and Rules are thoroughly followed by the cooperative movement, it can be presumed that no FC will have status of declaring problematic by government.

11 Report of the Taskforce formed to Recommend Policy, Procedural and Institutional Issues for the Solution of Problems in the Cooperative Sector, 2068



13 Government of Nepal, National Planning Commission, Nepal (2076). 15th Periodic Plan

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर

## लेखा परिक्षण नभएको बित्तिय विवरण (अपरिष्कृत)

## चौंथो त्रैमास आ.व. २०७६/०७७ (मिति २०७७/०३/३१)

रकम रु. हजारमा

| क.सं. | विवरण | यस त्रैमाससमा | गत त्रैमाससमा | गत वर्षको यस त्रैमाससमा |
|---|---|---|---|---|
| **१** | **कूल पूंजी तथा दायित्व (१.१ देखि १.७)** | **५०,८११,८४१** | **३२,७०६,८७९** | **३०,८७२,६७१** |
| १.१ | शेयर पूंजी | २,२२३,८९९ | २,०२४,९२१ | १,५७८,०८० |
| १.२ | जगेडा तथा कोषहरु | १,०४५,०१७ | ८०२,८१७ | ६६४,६५७ |
| १.३ | ऋणपत्र तथा वण्ड | – | – | – |
| १.४ | तिर्न बाँकी कर्जा सापट | १६७,०९७ | २२४,२६२ | २६६,४५७ |
| १.५ | **निक्षेप दायित्व** | **४६,८८३,०६१** | **२९,३७२,५९५** | **२७,९७८,१२५** |
| | क.स्वदेशी मूद्रा | ४६,८८३,०६१ | २९,३७२,५९५ | २७,९७८,१२५ |
| | ख.बिदेशी मूद्रा | – | – | – |
| १.६ | आयकर दायित्व | – | | ११,०२४ |
| १.७ | अन्य दायित्व | ४९२,७६७ | २८२,२८४ | ३७४,३२८ |
| **२** | **कूल सम्पती (२.१ देखि २.७)** | **५०,८११,८४१** | **३२,७०६,८७९** | **३०,८७२,६७१** |
| २.१ | नगद तथा बैंक मौज्दात | ८,७३४,०८८ | ५,३६१,२१० | ९,४६१,५१३ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – | – |
| २.३ | लगानी | १४,८६०,११५ | ४,९८०,११५ | २,०३०,११५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | २६,६९८,५९६ | २१,९७५,६३४ | १९,०२२,०११ |
| २.५ | स्थिर सम्पती | १८२,८२९ | २०७,४५० | १८१,१५५ |
| २.६ | गैर बैकिङ्ग सम्पती | – | – | – |
| २.७ | अन्य सम्पती | ३३६,२१३ | १८२,४७० | १७७,८७६ |
| **३** | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | ३,५७५,१६२ | २,५१७,४७७ | २,४७९,७४९ |
| ३.२ | ब्याज खर्च | २,४६७,४८६ | १,७९७,६८१ | १,५५७,४८८ |
| | **खुद ब्याज आम्दानी** | **१,१०७,६७६** | **७१९,७९६** | **९२२,२६१** |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | १,९३८ | १,४०२ | २,३५१ |
| ३.४ | अन्य सञ्चालन आम्दानी | १३२,९८१ | ८०,५०१ | १६४,८३९ |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | – | – | – |
| | **कुल सञ्चालन आम्दानी** | **१,२४२,५९५** | **८०१,६९८** | **१,०८९,४५१** |
| ३.६ | कर्मचारी खर्च | २७०,४१७ | १६५,४०२ | १८९,००३ |
| ३.७ | अन्य संचालन खर्च | १५०,०५७ | ९५,६२७ | १३६,२८६ |
| | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **८२२,१२१** | **५४०,६६९** | **७६४,१६२** |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ३७५,७४१ | २६४,७१५ | ४३३,२८८ |
| | **सञ्चालन मुनाफा** | **४४६,३८०** | **२७५,९५४** | **३३०,८७४** |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | (१४) | ७५ | ५० |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ३९१,७६६ | १७४,६७५ | ३५५,३३० |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **८३८,१३२** | **४५०,७०४** | **६८६,२५४** |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | २,५७६ | २,५०९ | ३०१ |
| | **सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | ८४०,७०८ | ४५३,२१३ | ६८६,५५५ |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | ७६,४२८ | ४०,९७२ | ६२,४१४ |
| ३.१३ | आयकर व्यवस्था | ८२,४२८ | ४०,९७२ | १२५,३१५ |
| | **खुद नाफा/(नोक्सान)** | **६८१,८५२** | **३७१,२६८** | **४९८,८२६** |
| **४** | **अनूपातहरु** | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पूंजीको पर्याप्तता (प्रतिशत) | ८.१४ | १२.०० | १०.८२ |
| ४.२ | निष्क्रिय कर्जा/कूल कर्जा (प्रतिशत) | ०.७० | १.१० | १.३४ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | २३७.३२ | २२७.३६ | १९७.७२ |
| ४.४ | पूंजिको औसत लागत | ६.०७ | ८.०४ | ८.२२ |
| ४.५ | कर्जा/निक्षेप अनुपात (प्रतिशत) | ५४.१४ | ६९.५१ | ६४.५३ |

**नोट : यदि नेपाल राष्ट्र बैंक तथा वाह्य लेखापरिक्षणले कारण सहित विवरण परिवर्तन गरेको खण्डमा विवरणहरु परिवर्तन हुन सक्नेछ ।**

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**

केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

## सदस्य परिचय

# सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

- **संस्थाको नाम :**

सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि., विरेन्द्रनगर न.पा. वडा नं. ६, सुर्खेत, कर्णाली प्रदेश

- **संस्थाको पृष्ठभूमि :**




सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि., सहकारी ऐन २०४८ सहकारी नियमयमावली २०४९ बमोजिम बहुउद्देश्यीय सहकारी अन्तर्गत स्थापनाभएको संस्थाहो । यो संस्था २०५८ आश्विन २० गते स्थापना भई २०५८ पौष ६ गते जिल्ला सहकारी कार्यालय बांकेमा दर्ता भएको हो । यो सहकारीको स्थापनाको पृष्ठभुमी वेग्लै खालको छ । यो सहकारी खासगरी तत्कालीन समयमा नेपाल मगर संघ सुर्खेतको समन्वय र पहलमा मगर जातिको सहभागीतामा मात्र स्थापना भएको हो । तत्कालीन समय देश शसस्त्र संघर्षको चपेटामा परिरहेको र राज्यका सवै अंगहरू सदरमुकाम केन्द्रित भएको र राजनैतिक तथा सामाजिक संगठनहरूको क्रियाकलापहरू पनि सदरमुकाम केन्द्रित भएको अवस्थामा मगर संघ संचालन गर्ने अगुवाहरू पनि सदरमुकाममा नै बस्ने गरेका थिए । यसरी सांगठनिक गतिविधी सुन्य जस्तै भए पछि नेपाल मगर संघ सुर्खेतले मगरहरूको पछ्यौटे पन र जिवन स्तर उठाने विषयका बारेमा करिव एक हप्ता दिनसम्म प्राय दिनहु जसो मगर समुदायका अगुवा, बुद्धिजीवि, व्यवसायी, राजनैतिज्ञ, भुपू सैनिक प्रहरी, शिक्षक कर्मचारीहरू विच समुहगत रूपमा पटक पटक छलफलहरू सम्पन्न गर्‍यो । तत्कालीन समयमा यस क्षेत्रमा सरकारी लगानीका बैंक बाहेक निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरू नभएको र एकाध रूपमा केही सहकारी संस्थाहरू मात्र संचालनमा थिए । तर उक्त बैंक तथा वित्तीय संस्थाहरू मगर समुदायको पहंच कम हुनुको साथै र आफ्नो पारीवारिक बृद्धि विकासका लागि आवश्यक पर्ने पूजी प्राप्त गर्न कठिन थियो र प्राय समाज भित्रकै साहु महाजनहरूबाट महंगो व्याजमा कर्जा लिने भन्दा अन्य उपायहरू थिएन । तसर्थ समुदायको विकास लागि वित्तिय रूपमा सक्षम बनाउन सहकारी स्थापना अपरिहार्य ठानेर सिर्खेत जिल्लाका विभिन्न क्षेत्रबाट विरेन्द्रनगर आएर बसोबास गर्ने मगर समुदायका ७९ जना व्यक्तिहरू मिलेर रू. १०,५०,०००।०० शेयर पूजी संकलन गरी सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि. स्थापना गरिएको हो ।

- **संस्था स्थापनाको उद्देश्य :**

सहकारिताको मुल्य मान्यताको अवलम्बन गरी समुदाय भित्र छरिएर रहको श्रम, सिप, पूजी र स्थानीय श्रोत साधनलाई सहकारी माध्यमबाट उच्चतम सदुपयोग गरी स्वालम्वी र आत्मनिर्भर बनाउदै आर्थिक,
सामाजिक र सांस्कृतिक जिवन स्तर बृद्धि गर्ने र पछाडी परेका समुदायलाई राज्यमा अन्य नागरिक सरह नै मुल प्रवाहीकरण गर्न सहयोग पुर्‍याउन सक्ने दिगो र शसक्त सहकारी निर्माण गर्नु ।

- **सदस्य संख्या : ३६८०** (०७७ बैशाखमसान्त सम्म) पुरूष १३०९ महिला २३७१
- **कार्यक्षेत्र :** सुर्खेत जिल्ला
- **वर्तमान अवस्था :**

सुर्खेत जिल्ला भरी कार्य क्षेत्र भए पनि संस्थाले जिल्लाका ९ वटा मध्ये ५ वटा स्थानीय तहमा एक मख्य कार्यालय र ४

वटा सेवा केन्द्र कार्यालय राखी काम गरि रहेको छ र हाल संस्थामा २५ जना कर्मचारीहरू कार्यरत रहेका छन् । कर्णाली प्रदेश एवं सुर्खेत जिल्लाको सदरमुकाम विरेन्द्रनगरमा संस्थाको मुख्य कार्यालय रहेको छ । साथै विरेन्द्रनगर-१२ चनौटे, लेकवेशी-६ कल्याण, गुर्भाकोट-१३ गुमी र बराहाताल-५ बड्डीचौरमा १/१ वटा गरी जम्मा ४ वटा सेवा केन्द्र कार्यालयहरू रहेका छन् र उक्त भौगोलिक क्षेत्रमा १२५ वटा बचत तथा ऋण समुह मार्फत वित्तिय कार्यक्रम संचालन गरेको छ । संस्थाले बचत निक्षेप अन्तरगत सदस्यहरूबाट नियमित बचत, आवधिक बचत, ऐच्छिक बचत, सदस्य बाल बचत संकलन गर्ने गरेको छ र सदस्यहरूलाई धितो सुरक्षण र समुह जमानतका आधारमा कर्जा लगानी गरिरहेको छ। २०७७ बैशाखसम्म पर्ल्स अनुगमन विधि अनुसार बचत ५५.०७ प्रतिशत, कर्जा लगानी ८३.३८ प्रतिशत, तरलता १६.०८ प्रतिशत रहेको छ भने भाखा नाघेको कर्जा ५ प्रतिशत भन्दा कम रहेको छ। यसै गरी बाह्य ऋण ३३.०६ प्रतिशत र स्थिर सम्पति ४.४४ प्रतिशत रहेको छ।

- **वित्तीय तथा आर्थिक अवस्था (२०७७ बैशाख मसान्तसम्म):**

| | |
|---|---|
| शेयर पूँजीतथा कोष | ४,९२,१६,९००.०० |
| निक्षेप | ३८,५३,१६,३४९.०० |
| लगानीमा रहेको ऋण रकम | ५८,३३,४२,१५९.०० |
| स्थिर सम्पती | ३,१०,३३,४८४.१३ |
| संचितनाफा | ५,९८,२२४.६४ |
| बाह्य ऋण | २३,१३,३१,३६४.३२ |
| वासलात | ६९,९६,५०,२८९.१३ |

- **तालिम तथा शिक्षाका कार्यक्रम संचालन तथा सहभागिता :**

**(क) सदस्य तालिमः**

| क्र.सं. | तालिमको नाम | तालिम संख्या | सहभागी संख्या |
|---|---|---|---|
| १. | पुर्व सहकारी शिक्षा शिविर | ३४ | २६५२ |
| २. | सहकारी व्यवस्थापन र नेतृत्व सीप विकास तालिम | ६ | १५२ |
| ३. | सहकारी लेखा व्यवस्थापन तालिम | २ | ३६ |
| ४. | रणनैतिक योजना निर्माण तालिम | १ | २२ |
| ५. | कर्जा तथा जोखिम व्यवस्थापन तालिम | २ | २८ |
| ६. | समुह व्यवस्थापन तथा नेतृत्व सीप विकास तालिम | १२ | ३३२ |
| ७. | उद्घोषण सीप विकास तालिम | ४ | १४२ |
| ८. | लोकसेवा आयोग तयारी कक्षा | १ | २३ |
| ९. | महिला हिंसा र कानुनी उपचार विषयक तालिम | २ | ६० |
| १०. | च्याउखेती तालिम | २ | ६६ |
| ११. | तरकारी खेती तालिम | २ | ४३ |
| १२. | मैनबत्ती तालिम | १ | १४ |
| १३. | मौरीपालन तालिम | १ | १२ |
| १४. | कुखुरापालन तालिम | | १२८ |
| १५. | व्यवसायिक अध्ययन अवलोकन भ्रमण | ४ | १४६ |
| १६. | सिलाई कटाई | ३ | ३६ |

- **चुनौती तथा समस्या :**

समुदाय भित्र सहकारीको व्यापकता हुदै गई रहेतापनि सहकारी क्षेत्रले सदस्यहरूलाई स्वरोजगारमुलक व्यवसाय र उत्पादनको क्षेत्रमा उल्लेख्य काम गर्न नसक्दा सदस्यहरूमा रोजगारी र आय बृद्धि गर्न निकै चुनौती रहेको छ। सदस्यहरूको लगानी अनुत्पादक क्षेत्रमा बढी हुदा कर्जा लगानीको क्षेत्र पनि जोखिमयुक्त देखिन्छ । हालको कोरोना भाईरसका कारण विश्वभर भएको आर्थिक मन्दीको प्रभावले सदस्यहरूको रोजगारी र व्यवसायमा समेत प्रत्येक्ष प्रभाव परेका कारण सदस्यहरूबाट कर्जा असुली न्यून भएका कारण अवका दिनमा कर्जा नियमित बनाउन निकै चुनौती रहेको छ । अगामी दिनमा एकातिर सदस्यहरूको आम्दानीमा कमी हुदा बचत संकलन र शेयर बृद्धिमा कमी हुने र अर्कोतर्फ सदस्यहरूमा पूजीको अभाव भई कर्जा माग अत्याधिक हुन सक्ने संभवाना रहेको छ र यस किसिमको समस्या व्यवस्थापन गर्न सहकारीलाई निकै कठिन हुन सक्छ ।

- **सम्भावना र अभ्यासहरू :**

सहकारी क्षेत्रको उचित व्यवस्थापन र प्रयोगबाट समुदायका आर्थिक र सामाजिक क्षेत्रमा गुणात्मक फड्को मार्न सकिने संभावना हुदा हुदै पनि विगतमा हामीले आर्थिक विकासका ढांचा तय गर्न नसक्दा सदस्यहरूको जिवन स्तरमा सोचे जस्ता परिवर्तन ल्याउन सकिएन । सदस्यहरूको रूची, क्षमता, स्थानीय श्रोत साधनको अवस्थालाई मुल्यांकन गरी व्यवसायिक योजना बनाई काम गर्न सकिने संभावनाहरू प्रसस्त रहेका छन । संस्थाले गत ३ बर्ष पहिले सदस्यहरूको समुह बनाई सामुहिक च्याउ खेती व्यवसाय संचालन गरेको थियो र यस बर्ष देखि कुखुरापालन व्यवसाय संचालन गर्ने तयारी गरिरहेको भए पनि लक डाउनका कारण संचालनमा आउन सकेन र आगामी दिनमा चाडै शुरू गर्ने लक्ष्य राखेको छ । संस्थाले सहकारीलाई प्रविधिको हिसावले पनि सवल बनाउनु पर्ने अवस्था छ । अवका दिनमा सकेसम्म आर्थिक कारोबारहरूलाई क्यासलेस बनाउन सहयोग पुग्ने प्रविधिको प्रयोग गर्ने र सदस्यहरूसंगको कारोबार मितव्यक्ति, छिटो छरितो बनाउन सकिने प्रविधिको प्रयोग गर्नु पर्ने अवस्था छ । संस्थाले ऋणको किस्ता ताकेताका लागि SMS प्रणालीको शुरूवात गर्नुका साथै बत्ती, पानी, टेलिफोन, ईन्टरनेट, डिस होम, प्लेनको टिकट बुक र मोवाईल रिजार्च गर्न र विल भुक्तानी गर्न ईसेवा र आईएमई पे संचालन गरेको छ ।

- **भावी कार्यक्रम :**

संस्थाको रणनैतिक आवधिक योजना तय गरी सोही बमोजिम संस्थाको निती तथा कार्यक्रमहरू संचालन गरिनेछ । सदस्यहरूको आय तथा रोजगारी बृद्धिका लागि दिर्घकालीन योजना बनाई आयमुलक व्यवसाय र रोजगारीमुलक कार्यक्रम संचालन गरिनेछ। संस्थाबाट गरिने कार्यहरू र सदस्यलाई प्रदान गर्ने सेवाहरूलाई डिजीटलाईज गरिनेछ। संस्थाको वित्तिय सेवा सरल, सहज र व्यवस्थित बनाउन मोवाईल बैंकिङ अर्थात ई पे प्रणाली लागु गरिनेछ। सहकारी क्षेत्रमा सवल, भरपर्दो र विश्वसनीय बनाउन संस्थालाई अन्तराष्ट्रिय स्तरको स्मार्ट सर्टिफिकेसन प्रक्रियामा सहभागी गराईनेछ। कृषि, पशुपालन, दुग्ध लगायत सेवामुलक क्षेत्रमा समेत सदस्यहरूलाई स्वरोजगार बनाउन कार्यक्रम संचालन गरिनेछ। संस्था सवल, सक्षम, पारदर्शी, विश्वसनीय बनाई संचालन गर्न आवश्यक पर्ने नियम वा कार्यविधिहरू निर्माण गरिनेछ। संस्थाले चालु आ.व.मा समेत विभिन्न कार्यक्रमहरू संचालन गर्न प्रस्ताव गरेकोमा बन्दाबन्दीका कारण रोकिएका छन् र ती कार्यक्रहरू समेत लकडाउन पछि सुचारू गरिनेछ ।

## Cooperative Beyond Balance Sheet: Social Performance & Accountability सम्बन्धी तालीम सम्पन्न

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा एक दिने Cooperative Beyond Balance Sheet: Social Performance & Accountability तालीम जेठ १३ गते सम्पन्न भएको थियो । तालीमलाइ सहजीकरण गर्दै भूमि व्यवस्था, सहकारी तथा गरीवी निवारण मंत्रालयका तत्कालीन सहसचिव चन्द्रकला पौडेलले सहकारीमा सामजिक उत्तरदायित्वको विषयमा चर्चा गर्नुभएको थियो । जकार्यक्रमको सञ्चालन कर्ता बैंकका प्रमुख कार्यकरी अधिकृत बद्रीकुमार गुरागाईले गर्नु भएको थियो । यस कार्यक्रममा सहकारीकर्मीहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।

## स्वव्यवस्थापन एवं सामाजिक दायित्व कार्यक्रम




राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्रबिधिक सहयोग तथा ललितपुर सहकारी संघ, ललितपुर बचत तथा ऋण सहकारी संघ र ललितपुर बहुउद्देशीय सहकारी संघको संयुक्त आयोजानामा भर्चुअल रुपमा स्वव्यवस्थापन एबं सामाजिक दायित्व विषयक एक दिने कार्यक्रम भयो । कार्यक्रमका प्रस्तुतीकरण उत्प्रेरक रमेश प्रसाईले गर्नुभएको थिया । जेठ ३२ गते संपन्न भएको सो कार्यक्रममा प्रस्तुतकर्ता रमेश परसाईले आफुले आफ्नो व्यवस्थापण कसरी गर्न सकिन्छ? हामी सबैको समाजप्रतिको उत्तरदायित्व के रहन सक्छ ? आदि जस्ता विषयमा बोल्नु भएको थियो ।

## सहकारीमा अनुपात विश्लेषण तालीम सम्पन्न

राष्ट्रिय सहकारी बैंकको आयोजानामा सहकारीमा अनुपात विश्लेषण सम्बन्धी भर्चुअल तालिम २०७७ असार १४ गते सम्पन्न भयो । उक्त तालीमको प्रस्तुतिकरण सहकारी विज्ञ केशव प्रसाद पोखरेल गर्नुभएको थियो । अनलाइनमा सम्पन्न भएको सो तालीममा सहकारीकर्मीहरुको उल्लेखनीय सहभागिता रहेको थियो । यस तालीममा सहकारीको वित्तीय अवस्थाको चित्रण कसरी गर्न सकिन्छ ? आफ्नो सहाकरी कुन वित्तीय अवस्थामा छ ? भविष्यमा कस्तो रणनितिहरु अबलंबन गर्न सकिन्छ ? भन्ने विषयमा प्रशिक्षण दिने तथा अन्तक्रिया गर्ने कार्यभएको थियो ।

## कोरोना महामारीमा सहकारी व्यवस्थापनमा हाम्रो जिम्मेवारी

जेठ २ गते कोरोना महामारीमा सहकारी व्यवस्थापनमा हाम्रो जिम्मेवार विषयक तालिम सम्पन्न भयो । कार्यक्रममा साकोस म्यानेजर्स क्लवका संस्थापक अध्यक्ष्य कृष्ण कुमार श्रेष्ठ, साकोस म्यानेजर्स क्लवका निवर्तमान अध्यक्ष्य मदन बस्नेत र साकोस म्यानेजर्स क्लवका अध्यक्ष्य बिनोद पराजुलीको प्रस्तुतिकरण रहेको थियो । कार्यक्रममा कोरोना महामारीले सहकारी क्षेत्रमा परेको असर तथा सोको व्यवस्थापनको लागी सहकारीकर्मी हरुको जिम्मेवारीहरु सम्बन्धी छलफल भएको थियो ।

## कर व्यवस्था, व्यवहारिक पद्धति र तरीका सम्बन्धी तालीम सम्पन्न

बैशाख २९ देखि कर व्यवस्था, व्यवहारिक पद्दती र तरिका सम्बन्धी तालिम सम्पन्न भयो । सी.ए. बिशेष बिभू आचार्यले गर्नुभएको थियो । बैंकका प्रमुख कार्यकारी अधिकृत सी.ए. बद्रीकुमार गुरागाईले सहजिकारण गर्नुभएको सो तालीम कार्यक्रममा राज्यमा बिद्यमान कर सम्बन्धी व्यवस्था, पद्दति तथा तरीका आदिको बारेमा चर्चा भएको थियो ।

## COVID-19 Outbreak and Cooperative Response सम्बन्धी कार्यक्रम सम्पन्न

राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोग तथा ११ ओटा विभिन्न सहकारी संस्थाहरुआयोजनामा COVID-19 Outbreak and Cooperative Response सम्बन्धी कार्यक्रम जेठ ३ गते भएको थियो । राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईतथा केन्द्रीय बचत तथा ऋण सहकारी संघका तत्कालिन प्रमुख कार्यकारी अधिकृत शिवजी सपकोटाले आफ्नो प्रस्तुतीकरण दिनु भएको थियो । कोभिड १९ ले ल्याएको प्रकोप र यो सम्बन्धमा सहकारी क्षेत्रको उत्तरदायित्वको विषयमा छलफल गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रमको संचालन चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठले गर्नु भएको थियो ।

# बैंकले लकडाउनमा संचालन गरेका तालिम प्रभावकारी



**राम सुदन तिमल्सिना**
**सदस्य, सुचना, संचार तथा प्रकाशन उपसमिति**
**राष्ट्रिय सहकारी बैंक लिमिटेड**

कोभिड १९को संक्रमण रोकथामका लागि नेपाल सरकारले २०७६ चैत ११ गतेबाट देशभर लकडाउन गरिएको थियो । सो लकडाउनको समयमा समेत सहकारी क्षेत्रका संचालक, सदस्य तथा कर्मचारीहरुले केहि सिक्ने अवसर प्राप्त गरुन् भन्ने उद्देश्यले राष्ट्रिय सहकारी बैंकले नियमित अनलाइन तालिम संचालन गऱ्यो । लकडाउनको अवधिमा मात्र राष्ट्रिय सहकारी बैंकले १७ वटा अनलाइन तालिम संचालन गरको छ । जुम मार्फत तथा सामाजिक संजालमा लाइभ गरेर ती तालिम संचालन भएका थिए । जुन निकै प्रभावकारी भए ।

सहकारी संघ/संस्थाका संचालक, कर्मचारी तथा सदस्यले अत्याधुनिक प्रविधिको ज्ञान लिएर पनि तालिम, शिक्षा हासिल गर्नुपर्छ । सहकारी संघ/संस्थाले दिने सुविधामा पनि प्रविधिलाई जोड्नुपर्छ भन्ने उद्देश्यले प्रविधि मैत्री बनाउने उद्देश्यले भएका यी तालिम प्रभावकारी भएको बैंकका अध्यक्ष केवी उप्रेती बताउनुहुन्छ । 'कोभिड १९ पछि सहकारीको नेटवर्कबिच सर्म्पक टुट्ने अवस्था नआओस्, सहकारीमा परेको प्रभाव समस्यालाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने उद्देश्यले तालिम बाहेक थुप्रै अनलाइन अन्तक्रिया पनि बैंकले संचालन गऱ्यो । जसबाट सहकारी अभियानमा एउटा  सकारात्मक तरंग सिर्जना गर्न सफल भयौं ।' उहाँले भन्नुभयो ।

बैंकले तालिम, अन्तक्रिया, सर्म्पक विस्तारलगायतको कार्यहरुमात्र होइन संचालक समिति तथा उपसमितिको बैठकहरु समेत अनलाइनबाट संचालन गरेर अन्य सहकारीहरुलाई समेत प्रविधिमार्फत आफ्नो गतिविधि नियमित गर्न प्रेरणा समेत दिइएको तालिम विभाग प्रमुख रामबाबु आचार्यले बताउनुभयो ।

चैत ११ गतेबाट लकडाउन भएपछि मानिसमा त्रास र डर सिर्जना भएको थियो । जसका कारण मानिसमा मनोवैज्ञानिक असर समेत पर्न गयो । यसमा परामर्श दिने उद्देश्यले राष्ट्रिय सहकारी बैंकलले २०७७ बैशाख १४ गते मनापरामर्श तालिम संचालन गरेको थियो ।  १ दिने सो तालिममा ३ सय ८६ जनाको अनलाइन जुममा सहभागीता रहेको थियो भने सामाजिक संजालमार्फत भएको लाइभबाट अन्य थुप्रै सहकारीकर्मीहरुले लाभ उठाउनुभयो ।

कोभिड १९को महामारीका कारण मनमा डर त्रास भएमा कसरी तनाव व्यवस्थापन गर्ने, लकडाउनमा घरमा कसरी समय व्यवस्थापन गर्नेलगायतका विषयमा प्रशिक्षक बासु आचार्यले प्रशिक्षण दिनुभएको सो कार्यक्रम निकै प्रभावकारी भएको सहकारी बैंकका सिइओ बद्री गुरागाईले बताउनुभयो । 'विशेषगरी सहकारीका नेतृत्वका लागि तनाव व्यवस्थापन गर्ने विषयमा यसले महत्वपूर्ण भूमिका खेलेको जस्तो लाग्छ । उसो अनलाइन अन्य तालिम पनि उत्तिकै महत्वपूर्ण रहे,' गुरागाईले बताउनुभयो ।

त्यसेपछि बैंकले सहकारीका व्यवस्थापकहरुलाइ लीषत गरी ६ दिने आधाभुत एक्सेल ट्रेनिङ्ग संचालन गऱ्यो । प्रशिक्षक सुरेश सिंघीले बैशाख १७ देखि २४ गतेसम्म संचालन गर्नुभएको सो तालिममा ३९१ जनाको जुममा सहभागी थियो भने लाइभमात्र थ्रुपै सहकारीकर्मी जोडिनुभएको थियो । सहकारीकर्मी, संघ/संस्थाको मागलाई ध्यानमा राखेर तालिमको विषय छनोट गरि तालिम संचालन भयो । जसका कारण सहकारीकर्मीहरुको उत्साहजनक सहभागीता रह्यो । 'लकडाउनको अवस्थामा सहकारी बैंकले विभिन्न तालिम अनलाइनमार्फत दियो ।

जसले हामीलाई सिकाई गर्ने अवसर मिलेको थियो,' मोडेल साकोसका अध्यक्ष राजन शाक्यले बताउनुभयो । सहकारीमा करका विषयमा चार दिने तालिम धेरै सहकारीकर्मीले रुचाएको तालिममध्ये रह्यो । जसमा जुममा मात्र ४५७ जनाको सहभागीता थियो । विशेष विभु आचार्यले सो विषयमा अनलाइन कक्षा संचालन गर्नुभएको थियो । जसमध्ये सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी तालिममा सर्वाधिक ४९० जनाको सहभागीता थियो । नेपाल राष्ट्र बैंकका उपनिर्देशक हरि नेपालले सहजीकरण गर्नुभएको सो तालिम निकै प्रभावकारीभएको तालिव विभागले मुल्यांकन गरेको छ ।

त्यसैगरी बैंक संचालन गरेको कोरोना महामारीमा सहकारी, व्यवस्थापनमा हाम्रो जिम्मेवारी विषयक तालिममा ३५६ जनाको सहभागीता थियो ।

कृष्णकुमार श्रेष्ठ, मदन बस्नेत र विनोद पराजुलीले यो तालिमको सहजीकरण गर्नुभएको थियो । त्यसैगरी बैंकले जेठका ११ गत साइकबर सुरक्षा तालिम संचालन गर्‍यो भने जेठ १३ मा वासलातवेगरको सहकारी सामाजीक प्रदर्शन र जवाफदेहीताको विषयमा भएको एक दिने तालिममा ३३७ जनाको सहभागीता थियो । यी सबै तालिममा लाइभमा सहभागीत रहेका सहकारीकर्मीको पनि उत्साहजनक सहभागीता थियो । सहकारीमा तरलता व्यवस्था, सूचना प्रविधि विभाग र कर्मचारी, जूम संचालन सम्बन्धी तालिम, सकारात्मक सोच, स्वव्यवस्थापन एवं सामाजिक दायित्व, आफूमाथिको विष्यालगायतका विभिन्न पतोलिममा बैंकले प्राविधिक सहयोग समेत प्रदान गर्‍यो । त्यसैगरी भुर्चअल रुपमा नै स्थानीय तहको बजेटका लागि सुझाव संकलनका लागि छलफल, सहकारी अन्तक्रिया कार्यक्रम तथा बजेटमा सहकारीको समिक्षा विषयका कार्यक्रममा समेत बैंकले प्राविधिक सहयोग उपलब्ध गराइयो ।

# संघीय संसदका अर्थ समितिमा सहकारीको विषयमा छलफल

संघीय संसदको अर्थ समितिमा २०७७ बैशाख २९ गते राष्ट्रिय सहकारी महासंघको नेतृत्वमा राष्ट्रिय सहकारी बैंक र विषयगत संघका प्रतिनिधिहरु सहित गएको सहकारीकर्मीहरुको समूहले छलफल गरेको थियो । कारोना संन्त्रासको वर्तमान संकटको घडीमा सहकारी क्षेत्रलाई परेको समस्या, सोको दीर्घकालीन समाधान तथा आगामी वर्षको बजेटमा सहकारी क्षेत्रमा समेटिनुपर्ने विषयमा छलफल भएको बैंकका अध्यक्ष केवी उप्रेतीले बताउनुभयो ।

उक्त बैठकमा समितिका सभापति सांसद कृष्ण दाहालले तिन खम्बे अर्थ नीतिको एउटा खम्बा सहकारी भएकोले सहकारी स्वनियममा बस्नु पर्ने जसले गर्दा सहकारीमा सुशासन कायम हुन जान्छ भन्ने कुरा बताउनु भयो । साथै बजेटले सहकारी विशेष गरेर कृषि क्षेत्रलाई प्राथमिकतामा राख्नु पर्नेमा जोड़ दिनु भयो ।

यसै गरी समितिको सदस्य तथा पूर्व अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले सहकारीमा देखिएको कमी कमजोरी हटाउदै, सहकारी तथा यसका सदस्यहरुलाई आत्मनिर्भर बनाई थप प्रभाबकारी बनाउन सम्बन्धित सहकारीकर्मीबाट आएको विषयलाई बजेटमा सम्बोधन गर्नु पर्ने बताउनु भयो ।

महासंघका अध्यक्ष मिनराज कँडेलले बन्दाबन्दीको यो समयमा सहकारीमा आबद्ध सदस्यहरुको जीवनसँगै संस्थाको वित्तीय अवस्था समेत प्रभावित भएको हुनाले यसपछिको समयमा समेत समस्या हुन सक्ने तर्फ ध्यानाकर्षण गराउनुभयो ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी क्षेत्रको प्रबर्द्धन र विकास तथा बैकिंङ कारोबारका लागि स्थापना भएको सहकारी बैंकले सहकारी क्षेत्रमा आइपर्ने जस्तोसुकै समस्यामा पनि बैंकले वित्तीय अभिभावकत्व एवं व्यवस्थापकीय परामर्शदाताको भूमिका निर्वाह गर्ने बताउँदै बैंकका कामहरुलाई अझ प्रभावकारी व्यवस्थित र सदस्यकेन्द्रीत गर्नका लागि छुट्टै राष्ट्रिय सहकारी बैंक ऐनको आवश्यकता रहेको बताउनुभयो ।

यस्तै अन्तर सहकारी सदस्य भुक्तानीलाई व्यवस्थित गर्नका लागि नीतिगत व्यवस्था गरी सहज बनाउनुपर्ने र सहकारी बैंकले पनि समासोधन गृहको सदस्यता पाउनुपर्ने र अन्य बैंकहरुको जस्तै सहकारी बैंकको पनि चेक क्लियरिङ्ग हुने व्यवस्था मिलाउन समेत माग गर्नुभयो । हाल बैंकले बढी ब्याज प्रदान गरी कुनै सहकारीबाट निक्षेप संकलन गरीरहेको तथा उक्त निक्षेपनै अर्को कुनै सहकारीलाई कर्जाको रुपमा प्रदान गर्दा कर्जाको ब्याजदर बढी देखिएकोले बैंकलाई सहूलियत कर्जा आबश्यक रहेको औल्याउनु भयो । साथै कोरोना प्रभाब हटाउन बजेटबाटनै राहत आउनु पर्ने बताउनु भयो ।
अर्थ समितिका अधिकांश सांसदको उपस्थिति रहेको उक्त बैठकमा सहकारी अभियानका शीर्षस्थ व्यक्तित्व रास्ट्रीय सहकारी बैंकका अध्यक्ष तथा बिभिन्न सहकारी केन्द्रीय संघका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## ***बैंकको कार्यकारी प्रमुखमा गुरागाईको निरन्तरता......***




म्याद सकिन भन्दा ६ महिना पहिला प्रमुख कार्यकारी अधिकृत नियुक्ती गर्नु पर्ने बैंकको प्रावधन रहेको छ। त्यस भन्दा पहिला नायव महाप्रवन्धकका रुपमा गुरागाईले काम गर्नु भएको थियो। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कुन) को समेत प्रमुख कार्यकारी अधिकृत भइ काम गरेका अनुभव बटुल्नु भएका गुरागाईको सहकारी क्षेत्रमा लामो अनुभव छ । देशभरका सहकारीहरुको एक मात्र बैंकका रुपमा रहेको राष्ट्रिय सहकारी बैंकलाई थप प्रभावकारी बनाउनका लागि गुरागाईको थप योगदान हुने ठहरका साथ आगामी ४ वर्षका लागि म्याद थप गरिएको वैठकका सहभागीले बताएका छन् ।सञ्चालक समितिको निर्णय, सदस्य संघ संस्थाहरुको आवश्यकता र चाहनालाई मध्यनजर गरेर सहकारी क्षेत्रमार्फत देशको समग्र आर्थिक तथा सामाजिक योगदानमा प्रतिफल दिने गरी सहकार्य गरेर अगाडि बढ्ने बैंकका प्रमुख कार्यकारी अधिकृत गुरागाईले प्रतिवद्धता व्यक्त गर्नुभयो ।

बैंकको वैठकले कोरोना संक्रमणका कारण जारी लकडाउनमा सदस्य संस्थाहरुको कारोबार नभएको र त्यसबाट पर्न गएको अवस्थालाई मध्यनजर गरी लकडाउन अवधीमा पाकेको ब्याजको १० प्रतिशत छुट दिएकोमा असार १ गतेदेखि २ प्रतिशत ब्याज घटाउने निर्णय गरेको छ । वचत र कर्जामा बढीमा २ प्रतिशत कायम हुने गरी ब्याजदर घटाएको प्रमुख कार्यकारी अधिकृत गुरागाईले जानकारी दिनुभयो ।

नेपालको संविधान २०७२ को प्रावधान अनुसार मुलुकको आर्थिक विकासका लागि सहकारी क्षेत्रसंगको सहकार्यका लागि संघीय, प्रदेश र स्थानीय सरकारहरुलाई आव्हान गर्ने, ७ सय ५३ वटै स्थानीय तहहरुलाई बजेट निर्माणका क्रममा राष्ट्रिय सहकारी बैंक सहित सहकारी क्षेत्रसंग सहकार्य गरेर अगाडि बढ्नका लागि सुझाव दिने निर्णय वैठकले गरेको छ ।

# सुलभ साकोसको दशक यात्रा - सदस्यहरुद्वारा सदस्यकै लागि

चितवन उपत्यकाबाट दाउन्ने पहाड भएर पश्चिम लाग्दा दाउन्ने पहाड सकिने बित्तिकै आउने नवलपरासी जिल्लाको प्रमुख वाणिज्य केन्द्र (सदरमुकाम परासी ३० कि.मी.को दुरीमा) बर्दघाट (त्रिवेणी धाम जाने सडक र महेन्द्र राजमार्गको चोक बजार) को जिमिरेभारमा रहेको **श्री सुलभ बचत तथा ऋण सहकारी संस्था लि.**ले सदस्य केन्द्रीयताको असल अभ्यासको दशक यात्रा पुरा गरेको छ ।

| श्री सुलभ बचत तथा ऋण सहकारी संस्था लि. | |
|---|---|
| **दर्ता नं. र मिति** | ४२५, २०६७/०५/०३ |
| **दर्ता भएको निकाय** | डिभिजन सहकारी कार्यालय, नवलपरासी |
| **स्थायी लेखा नं.** | ३०५०७२३००., आ.रा.का. बुटवल |
| **करचुक्ता मिति** | २०७६/०९/२६, आ.व. २०७५/७६ |

साबिक माकर, जहदा, जहदा, जमुनिया र दाउन्नेदेवी गा.वि.स.मा बसोबास गर्ने समान हित भएका व्यक्तिहरुलाई संस्थामा आबद्ध गराई उनीहरुको आर्थिक, सामाजिक र साँस्कृतिक उन्नयन गर्दै स्वाबलम्बन र पारस्पारिकताको अभ्यासद्वारा उत्पादन, बजारीकरण तथा व्यवसायिकरणमा जोड्दै कृषि क्षेत्रको आधुनिकीकरण र संकलित पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी मार्फत सदस्यहरुको हित संरक्षण, समानता र समताका आधारमा स्वतन्त्रतापूर्वक सदस्यहरुकै स्व:नियमनमा सहकारीताको अभ्यासले सामाजिक पुँजीको विकासमा उल्लेख्य योगदान समेत दिएको छ ।

| | **स्थापनाकाल** | **हाल** |
|---|---|---|
| **सदस्य संख्या** | महिला १६<br>पुरुष ३५<br>**जम्मा ५१** | महिला ४८२<br>पुरुष ५०७<br>**जम्मा ९९२** |
| **शेयर पुँजी** | रु १,०२,०००/- | रु ४७,५३,६००/- |
| **जगेडा तथा अन्य कोष** | | रु १६,००,०००/- |
| **बाह्य ऋण (रा.स.बैंक)** | | रु ४६,४५,०००/- |
| **नगद तथा बैंक मौज्दात** | | रु ६०,००,०००/- |
| **सदस्यमा ऋण लगानी** | | रु ४,०५,९२,०००/- |

## संस्थाले सञ्चालन गरेका कार्यहरु :

(क) **सदस्यमा सीमित बचत संकलन तथा ऋण परिचालन,**
(ख) **स्वरोजगार प्रोत्साहनका लागि सदस्य अवलोकन भ्रमण,**
(ग) **सदस्य कृषि उत्पादक र बजारीकरणमा समन्वय,**
(घ) **निरन्तर सहकारी शिक्षा तथा तालिम,**
(ङ) **सदस्यको मृत्यु वा दिर्घकालिन रोग उपचारमा आर्थिक सहयोग,**
(च) **सहकारी मार्फत जनसंख्या तथा परिवार कल्याण शिक्षा,**
(छ) **सहकारी मार्फत खानेपानी तथा सरसफाईसम्बन्धी चेतनामूलक कार्यक्रमहरु,**
(ज) **स्थानीय निकायसंग समन्वय,**
(झ) **सामाजिक राहत कोष, प्रकोप व्यवस्थापन कोषमा सहयोग ।**

तरलता व्यवस्थापन, अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग लघु कर्जा कार्यक्रम लगायतका सेवामा कडा प्रतिस्पर्धा, समानान्तर सहकारीमा सदस्यहरुको दोहोरो सदस्यता, कर्जा सूचना केन्द्रको अभावका कारण कर्जा सदुपयोगिता तथा असुली प्रक्रियामा समस्या जस्ता चुनौतीका बाबजुद संस्थाको विकासमा समर्पित सदस्यहरुको व्यवसायिक सक्षमता र सोको प्रबर्द्धनमा संस्थाले खेलेको भूमिका, वित्तीय मध्यस्थतास्वरुप राष्ट्रिय सहकारी बैंक लिमिटेडबाट लघु कार्यक्रम संचालन र विस्तारको लागि सहुलियतपूर्ण लघु कर्जाका साथमा तालिम/गोष्ठिले संस्थामा सम्भावनाका ढोकाहरु खोल्न र चुनौतीको सामना गर्न सक्षम भएका छन् ।

**संस्थाका भावी कार्यक्रमहरु :**

(क) सदस्यता वृद्धि,
(ख) निरन्तर सहकारी शिक्षा तथा तालिम,
(ग) सामुहिक सहकारी व्यवसायको सञ्चालन,
(घ) एकिकरणमार्फत सबल संस्था निमार्ण,
(ङ) सदस्यमा गरीएको लगानीको बिमा,
(च) गत कार्यक्रमहरुको नियमितता ।

**सफलताको उदाहरण १ - सदस्य विनोद नेपालको तरकारी खेती र बाखा पालन**



बर्दघाट-१४, बेलानी निवासी विनोद नेपालले युवाले स्वदेशमै स्वरोजगारी सृजना गरी अरुलाई समेत रोजगारीको अवसर प्रदान गर्न सकिने मान्यताका साथ करिब ५ बिगाहा जग्गा भाडामा लिएर संस्थाको ८ लाखसहित जम्मा ३० लाखको लगानीमा विषादी रहित तरकारी खेती (टमाटर, करेला, लौका आदि) र बाखापालन व्यवसाय (आफ्नै जग्गामा) सञ्चालन गरेका छन् । उनको उत्पादनको बजारीकरण र भण्डारणमा समस्या आउँदा संस्थाले समन्वय गर्ने गरेको छ भने बजारमूल्यमा एकरुपता नहुँदाको पिडाको समाधान खोजिरहेको नेपाल बताउँछन् ।

**सफलताको उदाहरण २ - सदस्य विशाल अधिकारीको कुखुरापालन**



युवाले चाँहे स्वदेशमै सुन छ किन विदेशिनु भन्ने विचार व्यक्त गर्ने बर्दघाट-१४, बेलानी निवासी विशाल अधिकारीले संस्थाको ५ लाखसहित जम्मा १५ लाखको लगानीमा अण्डा उत्पादनका लागि उन्नत जातका करिब १५०० कुखुरा पालन गरेका छन् । मागका आधारमा अण्डाको साथ साथै कुखुरा समेत बिक्रि गर्ने गरेको र परिवारका सबै सदस्य व्यवसायमा सक्रिय रुपमा संलग्न भएको बताउँदै हाल कुखुरापालन व्यवसायमा खासै समस्या नरहेको तर बेलाबखत बजारमूल्यमा आउने परिवर्तनले सताउने अधिकारी बताउँछन् ।

**सफलताको उदाहरण ३ - सदस्य राधादेवी नेपालको तरकारी उत्पादन तथा सुपथ तरकारी पसल**



बर्दघाट-७, जिमिरेभार निवासी राधादेवी नेपालले संस्थाको ८ लाखसहित जम्मा १० लाखको लगानीमा विषादी रहित तरकारी खेती गर्नुभएको छ जहाँ संस्थाका सदस्यहरुले नै रोजगारीको अवसर प्राप्त गरेका छन् भने उहाँले सञ्चालन गर्नुभएको सुपथ तरकारी पसलमा उत्पादित तरकारीहरुको सदस्य तथा स्थानीय उपभोक्ताहरुलाई बिक्रि वितरण हुन्छ । स्थानीय बजारमा उत्पादित तरकारीहरुको समेत बिक्रि व्यवस्थापन गर्नुहुने नेपाल भन्नुहुन्छ - “कृषिमै भविष्य छ । हाम्रा पुर्वजले माटोमै जीवन बिताए, जागिरको खोजिमा पलायन भएकाहरु पनि गाउँ फर्किरहेका बेला अब हामी कृषि छोडेर के गर्ने ?”